## सुनाखरी कृषि सहकारी संस्था लि.

लान्चाफल्चा-१०, भक्तपुर, फोन नं. ०१-६६१३८०४

**१५ औँ वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संस्थाको सञ्चालक समितिको मिति २०८२/०९/०६ गते बसेको बैठकको निर्णयअनुसार संस्थाको १५ औँ वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने जानकारी सम्पूर्ण शेयर सदस्यहरूमा गर्दछ । साथै उक्त सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८२/०९/२६ गते, शनिबार

**समय** : बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म

**स्थान** : कार्यालय भवन (लान्चाफल्चा, कमलविनानयक-१०, भक्तपुर



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



## मजदुर दैनिक विज्ञापन शाखा

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail** : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २७ ★ अङ्क : ३५२ ★ ने. सं. ११४६ पोहेला गा, षष्ठी ★ शुक्रबार ★ २५ पुस, २०८२ ★ January 9, 2026, Friday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


### भक्तपुर नगरपालिकाको १९ औं नगरसभा उद्घाटन

## विद्यालय र विश्वविद्यालयलाई उत्पादन श्रमसँग जोड्ने शिक्षा आवश्यक



भक्तपुर, २४ पुस । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुर नगरपालिकाको १९ औं नगरसभाको बिहीबार एक समारोहबिच पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

सभामा सचिव सुवालले भक्तपुरलाई सफा, सुन्दर र स्वच्छ नगरको रूपमा विकास गर्न नागरिकहरूमा नागरिक भावनाको विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भक्तपुरलाई स्वच्छ नगर बनाउन नगरका सडक, गल्ली र चोकहरू सबै सफा राख्नुपर्छ भन्दै उहाँले भक्तपुर औद्योगिक क्षेत्रका प्रदूषण फाल्ने उद्योगहरूलाई पायक पर्ने ठाउँमा स्थानान्तरण गर्न पहल गर्नुपर्ने बताउनुभयो ।

भक्तपुरको सांस्कृतिक सम्पदा संरक्षणसँगसँगै पर्यटन उद्योगको विकासमा पनि जोड दिनुपर्ने उल्लेख गर्दै उहाँले भक्तपुरको विकास निर्माणको काम उपभोक्ता मोडलबाटै अगाडि बढाउनु उपयुक्त हुने बताउनुभयो ।

जनताको समस्या सम्बोधन गरी देको मिवा आवास योजनालाई छिट्टै सम्पन्न गर्नेतर्फ नगरपालिकाले अगाडि बढ्न मार्गनिर्देश गर्दै उहाँले विद्यालय र विश्वविद्यालयलाई उत्पादन श्रमसँग जोड्ने शिक्षा आवश्यक रहेको बताउनुभयो ।

अमेरिकाले भेनेजुयलामाथि गरेको आक्रमण निन्दनीय रहेको उल्लेख गर्दै सचिव सुवालले अमेरिकाले भेनेजुयलामाथि गरेको साम्राज्यवादी आक्रमणले संयुक्त राष्ट्र सङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनसमेत उल्लङ्घन भएको बताउनुभयो ।

नयाँ पुस्तालाई नयाँ विचार, सूचना र प्रविधिसँग जोड्दै लानुपर्ने आवश्यकता औँल्याउँदै उहाँले विद्यालयमा पाठ्यक्रमअनुसार विद्यालय शिक्षकको बन्दोबस्त गर्नुपर्ने, समय समयमा खाद्य अनुगमन गर्नुपर्ने, सांस्कृतिक नगर बनाउन प्रयास जारी राख्नुपर्ने, सडकहरूमा हरियाली कायम गर्नुपर्ने, युवाहरूलाई कुलतबाट टाढा राख्नुपर्ने र नयाँ पुस्तालाई खेलकुद, सङ्गीत, वाद्यवादन, नृत्य, चित्रकलालगायत अतिरिक्त क्रियाकलापमा पनि संलग्न गराउनुपर्ने बताउनुभयो ।

नगरसभा उद्घाटन कार्यक्रममा सभाका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आ.व. २०८२/८३ मा पारित बजेटको आधारमा साउनदेखि पुस २० गतेसम्म भएका कार्यहरूलाई सङ्क्षेपमा प्रस्तुत गर्नुभयो ।

उहाँले ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको भक्तपुर नगरपालिकाको नेतृत्वमा बसेर काम गर्न पाउँदा गौरवको अनुभूति भएको बताउँदै जनताको बलियो साथ र सहयोगबिना भक्तपुरको यो स्तरको विकास सम्भव नभएको बताउनुभयो ।

उहाँले स्थानीय तहहरू अधिकारसम्पन्न र स्वायत्त भएमात्रै जनताका आवश्यकताहरू छिटो-छरितो पूरा गर्न सकिन्छ भन्ने मान्यताअनुसार भक्तपुर नगरपालिकाले पूर्ण स्वायत्तताको अभ्यास गरिरहेको बताउँदै स्थानीय तहहरूलाई अधिकारसम्पन्न बनाउन समय-समयमा सरकारको ध्यानाकर्षण गरिरहेको बताउनुभयो ।

भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र सम्पदा संरक्षित तथा पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न कटिबद्ध भएर लागिरहेको बताउँदै उहाँले जनप्रतिनिधि, स्थानीय जनता र राजनैतिक कार्यकर्ताहरूको एकमनको एकतालाई अझ बलियो बनाउनुपर्ने आवश्यकता महसुस भएको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले भक्तपुरको ऐतिहासिक, सांस्कृतिक समृद्धि र आधुनिक विकासले भक्तपुरको विकास 'एकादेशको कथा' जस्तै बनेको छ भन्दै पुराना सम्पदा र नयाँ विकासका प्रयासहरूले आजको भक्तपुर निर्माण भएको बताउनुभयो ।

भौतिक पूर्वाधारका संरचनाहरू निर्माण हुनुमात्रै विकास होइन भन्दै उहाँले विकासको परिभाषालाई नै पुनःव्याख्या गर्नुपर्ने आजको आवश्यकता हो भन्नुभयो ।

सांसद गोसाईले भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलन देशको विकासको निम्ति हो वा विनाश भन्ने विषय अहिले विचारणीय भएको बताउँदै भक्तपुर नगरपालिकाको नियमित प्रकाशनहरू 'भक्तपुर मासिक' र 'ख्वप पौ' भक्तपुरको विकासको प्रतिबिम्ब हो भन्नुभयो ।

नगरपालिकाले सञ्चालन गरेको जनज्योति पुस्तकालयलाई स्तरीय पुस्तकालयको रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नगरपालिकाले प्रावि तहका विद्यालयहरूको


***बाँकी पृष्ठ ८ मा***


## अमेरिकाको जलवायु सन्धि बहिर्गमन खेदजनकः ईयू

पेरिस, २४ पुस (एएफपी) । युरोपेली सङ्घ (ईयू) युनियनका जलवायु प्रमुखले अमेरिकाले संयुक्त राष्ट्रसङ्घीय जलवायु सन्धिबाट बाहिरिने घोषणा गरे पनि युरोपले विश्व तापक्रम वृद्धिसँग जुध्न अन्य राष्ट्रहरूसँग सहकार्य निरन्तर जारी राख्ने स्पष्ट गर्नुभएको छ ।

ईयूका जलवायु आयुक्त वोप्के होक्स्ट्राले बिहीबार प्रतिक्रिया दिँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय फ्रेमवर्क कन्भेन्सन (यूएनएफसीसीसी) सहित दर्जनौँ अन्तर्राष्ट्रिय सङ्गठन र सन्धिहरूबाट अमेरिका बाहिरिने निर्णय सार्वजनिक गरेपछि युरोपको प्रतिबद्धता कमजोर नहुने बताउनुभयो ।

सन् १९९२ मा पारित यूएनएफसीसीसी सन्धि हरितगृह ग्यास उत्सर्जन घटाउने, विश्व तापक्रम नियन्त्रण गर्ने तथा जलवायु परिवर्तनका प्रभावसँग अनुकूलन गर्न राष्ट्रहरूलाई सहकार्यका लागि एक साझा आधार उपलब्ध गराउने उद्देश्यले गरिएको विश्वव्यापी सम्झौता हो ।

आयुक्त होक्स्ट्राले यूएनएफसीसीसीले 'विश्वव्यापी जलवायु कार्यलाई समर्थन गर्ने आधारशिला' को भूमिका खेलेको उल्लेख गर्दै यसबाट अमेरिका पछि हट्नु अत्यन्तै दुःखद र दुर्भाग्यपूर्ण भएको टिप्पणी गर्नुभयो ।

होक्स्ट्राले सामाजिक सञ्जाल लिङ्कडइनमा लेख्नुभएको छ, "विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र र दोस्रो ठूलो हरितगृह ग्यास उत्सर्जनकर्ता राष्ट्रले यस्तो आधारभूत सन्धिबाट पछि हट्ने निर्णय खेदजनक र दुर्भाग्यपूर्ण छ, हाम्रो साझा समझदारी र कामको आधारका रूपमा ईयू अन्तर्राष्ट्रिय जलवायु अनुसन्धानलाई स्पष्ट रूपमा समर्थन गर्न निरन्तर रहनेछ । अन्तर्राष्ट्रिय जलवायु सहकार्यमा पनि हामी सक्रिय रूपमा काम गरिरहनेछौँ ।"

आफ्नो घरेलु नीतिमा जीवाश्म इन्धनलाई प्राथमिकता दिँदै आएका राष्ट्रपति ट्रम्पले मानव गतिविधिका कारण पृथ्वी तातिरहेको छ भन्ने वैज्ञानिक सहमतिलाई खुलेर अस्वीकार गर्दै जलवायु विज्ञानलाई 'झूटो' भन्दै आलोचना गर्दै आएका छन् ।

उहाँको प्रशासनले नोभेम्बरमा ब्राजिलमा सम्पन्न पछिल्लो संयुक्त राष्ट्र जलवायु शिखर सम्मेलनमा कुनै पनि आधिकारिक प्रतिनिधि पठाएको थिएन । उक्त सम्मेलन प्रत्येक वर्ष यूएनएफसीसीसीको छातामुनि आयोजना हुँदै आएको छ ।

यसैबिच, स्वच्छ ऊर्जा रूपान्तरणका लागि ईयूकी उपाध्यक्ष टेरेसा रिबेराले ट्रम्प प्रशासनले वातावरण, जनस्वास्थ्य वा आम मानिसको पीडाप्रति 'कुनै चासो नदेखाएको' आरोप लगाउनुभयो ।

"शान्ति, न्याय, सहयोग वा समृद्धि यी प्रशासनका प्राथमिकतामै छैनन्", उहाँले सामाजिक सञ्जाल ब्लुज्कीमा लेख्नुभएको छ ।

## भेनेजुयलाद्वारा चीनको समर्थनप्रति कृतज्ञता व्यक्त

काराकास (भेनेजुयला), ८ जनवरी (सिन्ह्वा) । भेनेजुयलाका विदेशमन्त्री यवन गिलले आफ्नो भूभाग र प्राकृतिक स्रोतहरूमा भेनेजुयलाका जनताको पूर्ण सार्वभौमसत्ताका लागि चीनको समर्थनप्रति आफ्नो देशको तर्फबाट कृतज्ञता व्यक्त गर्नुभएको छ ।

सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै गिलले अमेरिकी गतिविधिले अन्तर्राष्ट्रिय कानुन र भेनेजुयलाको सार्वभौमिकताको गम्भीर उल्लङ्घनको साथसाथै संयुक्त राज्य अमेरिकाको अराजक कार्यको चीनले कडा निन्दा गरेको बताउनुभएको छ ।

पेइचिङमा पत्रकारहरूसँगको नियमित साक्षात्कारमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले सार्वभौम राज्य भेनेजुयलाले आफ्नो प्राकृतिक स्रोत र आफ्नो क्षेत्रभित्रका सबै आर्थिक गतिविधिहरूमा पूर्ण र स्थायी सार्वभौमिकता प्राप्त गरेको बताउनुभएको छ ।

माओले अमेरिकाको अराजक कार्यहरूले गम्भीर रूपमा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरी भेनेजुयलाको सार्वभौमिकतामा हस्तक्षेप गर्नुका साथै भेनेजुयलाका जनताको अधिकारलाई कमजोर पारेको भन्दै चीनले संयुक्त राज्य अमेरिकाको कार्यहरूको कडा निन्दा गरहेको उहाँले जनाउनुभएको छ ।


## भक्तपुर उद्योग वाणिज्य संघ

औद्योगिक क्षेत्र, ब्यासी, भक्तपुर

**परिवर्तनसम्बन्धी सूचना**

भक्तपुर उद्योग वाणिज्य संघको ३८ औं वार्षिक साधारणसभा तथा अधिवेशनको उद्घाटन भक्तपुर जिल्ला मध्यपुर थिमि नगरपालिका-३, गट्ठाघरस्थित जर्मन होम्स होटलमा २०८२ पौष २५ गते शुक्रबार बिहान ११:०० बजेको समय तय भई पत्राचार भएकोमा विशेष कारणवस साधारणसभाको उद्घाटन समय सोही दिन बिहान १०:०० बजे सुरू गर्नुपर्ने भएकोले **परिवर्तित समय बिहान १०:०० बजे** उपस्थित भइदिनुहुन सम्बन्धित सम्पूर्ण महानुभावहरूमा सादर अनुरोध गर्दछु ।

**नविन प्रजापति**
महासचिव

**उपभोक्ता अधिकारको संरक्षण गरौं।**

❖ गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं।
❖ कारोबारमा बिल/बीजक लिने र दिने गरौं, कारोबारलाई पारदर्शी बनाऔं।
❖ नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं।
❖ वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर एकिन गरेरमात्र खरिद बिक्री गरौं।
❖ वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भए स्थानीय प्रशासनमा उजुरी गरौं।
❖ वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं।
❖ निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं।
❖ भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**निर्वाचनका लागि नमुना मतपत्र छाप्दै कर्मचारी**

जनक शिक्षा सामग्री लिमिटेड भक्तपुरमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक नमुना मतपत्र छाप्दै कर्मचारी ।

*तस्बिरः प्रदीपराज वन्त/रासस*

# वासिङ मेसिनमा प्रयोग हुने सर्फ बनाउने तालिमको समापन



भक्तपुर, २४ पुस । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३२ औँ स्थापना दिवसको अवसरमा संस्थाको सदस्य व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजनामा वासिङ मेसिनमा प्रयोग हुने सर्फ बनाउने तालिमको समापन कार्यक्रम बिहीबार सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले ३१ जना युवाहरूबाट स्थापित यस संस्था हाल शेयर सदस्य, बाल बचतकर्ता र ज्येष्ठ सदस्यहरू गरी २१ हजारभन्दा बढीको परिवार बनेको उल्लेख गर्दै ती परिवारमध्ये ५२ प्रतिशत महिलाहरूको सहभागिता रहेको जानकारी दिनुभयो।

उहाँले सदस्यहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ संस्थाबाट नियमितरूपमा सीपमूलक तथा आयमूलक तालिमहरू सञ्चालन गर्दै आएको उल्लेख गर्नुभयो।

कार्यक्रमका सभापति, संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक सपना कवांले सदस्यहरूलाई स्वाभिमानी र आत्मनिर्भर बनाउने उद्देश्यले तालिम आयोजना भएको बताउँदै संस्थाबाट उचित ब्याजदरमा ऋण लगानी गरी सदस्यहरूमाझ आर्थिक अवसरहरू सृजना गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रमका प्रशिक्षक रमिता चौगुठीले तालिमबाट सिकेका सीप तालिममा मात्र सीमित नराख्न आग्रह गर्दै घरायसी उपयोगका लागि मात्र भए पनि सर्फ बनाई तालिमको सीपको सदुपयोग गर्न आग्रह गर्नुभयो । उहाँले न्यून शुल्कमा नै सीपले घरमै सर्फ बनाई उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

संस्थाका व्यवस्थापक शिला गोसाईले सम्पत्ति शुद्धीकरण निवारण र सदस्य पहिचान फारम अद्यावधिक गर्नुको महत्त्वबारे चर्चा गर्दै सदस्यहरू पहिचान गर्न सम्पूर्णलाई सदस्य पहिचान फारम अद्यावधिक गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा उपसमितिका सदस्य कृष्णलक्ष्मी छेताला, संस्थाका कार्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजु तथा प्रशिक्षार्थी सुशिला प्रजापतिले पनि बोल्नुभएको थियो ।

# सूर्यविनायक वडा नं. ६ मा माओ र स्तालिनको सम्झना



भक्तपुर, २४ पुस । नेपाल मजदुर किसान पार्टी सूर्यविनायक - ६ वडा समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरको प्रमुख आतिथ्यमा माओको १३२ औँ र स्तालिनको १४७ औँ जन्मदिवसको अवसरमा बुधबार कार्यकर्ता भेला सम्पन्न भयो ।

भेलामा थापामगरले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा शासक दलका नेतताहरू भागाभाग भई बोल्न सकने कोही नभएको, देशमा के हुँदैछ भन्ने सरकार जानकार नभएको बताउँदै जेनजीको नाममा उपद्रो गराउन अरबौँ पैसा खर्च गरी तालिमप्राप्त युवाशक्ति साम्राज्यवादीहरूले परिचालन गर्न लगाएको हो भन्नुभयो ।

बुद्धिजिवीहरूले नै ठुला पार्टीको दास मानसिकता बोक्नाले देश डुबाउने खेलमा बुद्धिजिवीहरूको हात रहेको हुन्छ भन्दै उहाँले रास्वपा भन्ने पार्टी वास्तवमा खास्वपा (खान आएको) भएको प्रमाणित हुँदैछ, यिनले देश विदेशीको हातमा पुऱ्याउन सक्न सम्भावना रहेको बताउनुभयो । उहाँले भेनेजुयलाका राष्ट्रपति मादुरो साम्राज्यवादले अपहरण लागुपदार्थ तस्करीको लगाएर अपहरण गरेको वास्तवमा भेनेजुयलाको तेल खानी, खनिज पदार्थ कब्जा गर्ने अमेरिकी सोच रहेको बताउनुभयो ।

अर्का अतिथि नेमकिपा सु.न.पा. नगर समितिका सचिव महेन्द्र बखुन्छेले माओ र स्तालिनको जन्मदिवसको चर्चा गर्दै सही बाटोमा लाग्न सचेत र सङ्गठित हुनुपर्ने बताउनुभयो ।

रास्वपाको एकता दक्षिणपन्थी हो भन्दै उहाँले देशको मतलव नगर्ने पदको लागि मात्र हो भन्नुभयो । उहाँले काङ्ग्रेस, एमाले, नेकपा सत्ताको भागबन्डामा मात्र लागेका छन् भन्दै जनतालाई पैसा बाँडेर चुनाव जित्दैमा समाजवाद आउँदैन र कान्ति हुँदैन भन्नुभयो ।

कार्यक्रममा स्वागत नेमकिपा सु.न.पा.छ वडा समितिका सह सचिव चनमती खुलिमुलि बखुन्छेले गर्नुभएको थियो ।

सभापतित्व नेमकिपा सु.न.पा. - ६ वडा समितिका अध्यक्ष रामकृष्ण बखुन्छेले र कार्यक्रम सञ्चालन नेमकिपा सु.न.पा. - ६ वडा समितिका सचिव राधेश्याम भुजुले गर्नुभएको थियो ।

# परम्परागत खेतीप्रति किसानको भरोसा

**- बिमला मानन्धर, प्रशिक्षार्थी**

रामेछाम । आधुनिक कृषि यन्त्रको प्रयोग बढ्दै गए पनि पहाडी भेगका किसानहरू आज पनि परम्परागत खेती प्रणालीमै निर्भर देखिएका छन् । सैलुङबाट दुम्जासम्म दुई दिन पैदल हिँडेर गोरु ल्याउने दृश्यले ग्रामीण कृषिको यथार्थ उजागर गरेको छ ।

खेत जोत्नका लागि आवश्यक गोरु किन्न किसानहरू दुर्गम बाटो हुँदै हिँड्न बाध्य छन् । सडक सुविधा पुगे पनि ढुवानी लागत बढी लाग्ने भएकाले किसानहरू गोरु किन्न बाध्य छन् । उकालो-ओरालो, जङ्गल र साँघुरा बाटो पार गर्दै किसानहरूले गोरु ल्याउने गरेका छन् ।

७० वर्षीया किसान रामबहादुरका अनुसार ट्र्याक्टरले खेत जोते पनि पहाडी माटोका लागि उपयुक्त हुँदैन । "गोरुले जोतेको खेतमा माटो सन्तुलित रहन्छ र बाली राम्रो हुन्छ," उनी भन्छन् । इन्धन खर्च, भाडा र मर्मतको झन्झट नहुने भएकोले गोरु नै भरपर्दो विकल्प भएको उनको अनुभव छ । साथसाथै बालीलाई मलको पूर्ति हुने कुरा पनि उनले बताए ।

तस्बिरहरूमा किसानहरू गोरुसँगै पहाडी बाटो हुँदै अघि बढिरहेको देखिन्छ । लामो यात्रा, खानपान र बासको कठिनाइ हुँदाहुँदै पनि खेती नछाड्ने अठोट किसानमा स्पष्ट देखिन्छ ।

स्थानीयवासीहरूले दुर्गम बस्तीमा सडक पहुँच, कृषि सहयोग र पशु ढुवानीका वैकल्पिक व्यवस्था आवश्यक भएको बताएका छन् । उनीहरूका अनुसार यस्ता पूर्वाधार विकास भएका किसानको दुःख कम हुनुका साथै कृषि उत्पादनमा समेत वृद्धि हुनसक्नेछ ।

आधुनिक प्रविधि भित्रिए पनि पहाडी भेगका किसानका लागि गोरु अझै खेतीको मुख्य आधार बनेको यस घटनाले देखाएको छ ।

# लिशा स्कूलमा गायन प्रतियोगिता सम्पन्न शनिबार शैक्षिक प्रदर्शनी तथा मेला हुने

भक्तपुर, २४ पुस । लिशा इङ्गलिस सेकेन्डरी स्कूलको लिशा म्युजिक क्लवको आयोजनामा बुधबार विद्यालयको आन्तरिक गायन प्रतियोगिता सम्पन्न भयो ।

कक्षा ३ देखि ८ सम्मका विद्यार्थीबिच भएको उक्त प्रतियोगितामा कक्षा ५ का उपेक्षा लामा उत्कृष्ट गायक घोषित भयो भने कक्षा २ का तृषा साल्भी उदीयमान गायिका घोषित भयो ।

आरक्षण राष्ट्रिय निर्देशक, गायक, वाद्य गुरु सरोज केसी, युनिक डान्स एकेडेमीका संस्थापक, नृत्य शिक्षक विक्रम सुनार र फाउन्डर अफ कुशल मङ्गलसित सम्बन्धित एवं गायिका सरिला सिन्ताकल निर्णायकमण्डलमा बस्नुभएको थियो ।

म्युजिक क्लवका अध्यक्ष रङ्गना कोजुको सभापतित्वमा भएको सो कार्यक्रममा प्रधानाध्यापक लिशा प्रजापति, म्युजिक शिक्षक सुरज कपाली, निर्णायकमण्डलका सदस्यहरूले कार्यक्रमको महत्त्वबारे प्रकाश पार्नुभएको थियो ।

उत्कृष्ट गायक र गायनमा सहभागी विद्यार्थीलाई मायाको चिनो वितरण गरिएको थियो ।

शिक्षिका सङ्गिता कोजुले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभयो ।

यस्तै लिशा इङ्गलिस सेकेन्डरी स्कूलको आयोजनामा शनिबार लिशा शैक्षिक प्रदर्शनी तथा मेला हुने भएको छ ।

उक्त मेलाको प्रचारार्थ शुक्रबार बिहान ८ बजे प्रभातफेरी हुनेछ । प्रभातफेरी लिबाली, जेलाँ, दत्तात्रय, सकोलान हुँदै पुनःलिशा स्कूल प्राङ्गणमा पुगी सम्पन्न हुने लिशा स्कूलले जनाएको छ ।

इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाले शनिबार समुद्घाटन गर्नुहुने सो मेलामा कक्षा नर्सरीदेखि ९ सम्मका विद्यार्थीले भाग लिनेछन् ।

मेलामा विज्ञान, गणित, स्वास्थ्य, सामाजिक, अङ्ग्रेजी नेपालीसम्बन्धी विभिन्न शैक्षिक सामग्रीहरू प्रदर्शनी हुनेछ ।

मेलाकै अवसरमा चित्रकला, तेक्वान्डो प्रदर्शनीका साथै नृत्य पनि प्रस्तुत हुनेछ ।

विभिन्न जडीबुटी, परम्परागत पोशाकको प्रदर्शनी र स्काउटको स्टल पनि हुनेछ । सोही क्रममा हस्तलेखन प्रदर्शनी, योमारी, मुटुमारी, चटामारी आदि प्रदर्शनी हुनेछ । उक्त प्रदर्शनी अवलोकन गर्न अभिभावकहरूलाई हार्दिक अनुरोध गरिएको छ ।

# भक्तपुरको सुडालमा पानी अभावले तरकारी खेती सङ्कटमा

**- प्रसुना नाखन, प्रशिक्षार्थी ।**

भक्तपुर । भक्तपुरको जिल्लाको सुडाल क्षेत्रमा लामो समयदेखि पर्याप्त पानी नपर्दा तरकारी खेती गर्न किसानहरू समस्यामा परेका छन् । सिँचाइका लागि आवश्यक पानीको अभावका कारण धेरै किसानको तरकारी बाली सुक्न थालेको छ । यसले ठुलो आर्थिक नोक्सानी पुऱ्याएको स्थानीय किसानहरूले बताएका छन् ।

स्थानीय किसानका अनुसार हरेक वर्ष यस समयमा तरकारी उत्पादन राम्रो हुने गरे पनि पानी नपर्दा खेती नै जोखिममा परेको छ । टमाटर, साग काउली बन्दाजस्ता तरकारी खेतमै सुक्न थालेका छन् । यसबाट किसानहरूको लगानी डुब्ने अवस्था आएको छ भने दैनिक जीविकोपर्जन समेत समस्या देखिएको छ ।

किसानहरू भन्छन्, पानी नपरेर खेत सुक्यो, मल - बीउको खर्च पनि उठ्ने अवस्था छैन । कतिपय किसानले वैकल्पिक रूपमा टयाङ्करबाट पानी ल्याएर सिँचाइ गर्न खोजे पनि खर्च अध्त्यधिक भएकोले उपयुक्त समाधान नभएको गुनासो गरेका छन् । स्थानीयवासीहरूले सम्बन्धित निकाय र स्थानीय तहसँग तत्काल पानी व्यवस्थापन तथा वैकल्पिक सिँचाइको व्यवस्था गर्न माग गरेका छन् ।

## सङ्क्षिप्त समाचार

# मिथिलाञ्चलमा माघे सङ्क्रान्तिको तयारी गरिँदै

जलेश्वर (महोत्तरी), २४ पुस । महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलमा माघे सङ्क्रान्ति पर्वको भव्य तयारी भइरहेको छ । माघे सङ्क्रान्ति पर्व मिथिलाञ्चलमा तिला सङ्क्रान्ति पर्वका नामले पनि प्रसिद्ध छ । यहाँका लोकभाषामा तिला सङ्क्रान्ति भनिन्छ भने कतै कतै तिला सङ्कायत पनि भनिन्छ ।

यस पर्वमा मिथिलाको घर घरमा चिउरा, भूजा र तिलमा सख्खर हालेर बनाइएको लड्डु खाने चलन छ । चामल, दाल, घीउ र तरकारी एकै साथ मिसाइएर बनाइएको खिचडीसमेत खाने चलन रहेकाले अहिले यहाँका घर घरमा पर्वमा परिकार बनाउन आवश्यक वस्तु सख्खर, चिउरा, भूजा, तील, अदुवा, विशेष प्रकारको चामल, उरिद र कुर्थीको दाल, घीउ, तरुल तथा अन्य मिठो तरकारी जुटाउनमा सर्वसाधारण व्यस्त छन् ।

किनमेलका लागि महोत्तरी सदरमुकाम जलेश्वरसहित मिथिलाको प्रत्येक हाटबजारमा भीडभाड देखिन्छ । यस पर्वका लागि मिथिलाञ्चलको घर घरमा ८/१० दिन पहिलेदेखि तिल, चिउरा, भूजा र सख्खर ल्याएर मिथिलानीहरू लड्डु बनाउने गर्दछन् । जसले गर्दा मिथिलाञ्चलका गाउँ बस्तीमा यस पर्वको रौनक एक साता पहिलेदेखि सुरु हुने जलेश्वर-८ की राजवती देवीले बताउनुभयो ।

सङ्क्रान्तिका दिन एकाबिहानै घरका सबैभन्दा पाका सदस्य जागेर नित्कर्मसँगै नुहाइधुवाई गरी अरबा चामल, तिल र सख्खर मिसाएर प्रसाद बनाई कूल देवतालाई चढाउने र पछि सोही प्रसादबाट घरका सबै सदस्यलाई प्रसाद दिँदै (हमर तिल बहवे) अर्थात् 'मेरो आउँदो दिनमा मलाई साथ दिन्छौ, मैले भनेको गर्छौ' भन्ने चलन रहेको जलेश्वर नगरपालिका- ५ का संस्कृतिविद् ध्रुव रायले बताउनुभयो । उहाँले यस कर्मलाई संस्कार पुस्तान्तरणको संज्ञा दिनुभयो । यसले मिथिलाको संस्कार र संस्कृतिलाई पछिसम्म जीवन्त राख्न सहयोग गर्ने उहाँको भनाइ छ । **रासस**

# जलेश्वरको करदाता सेवा कार्यालय खारेज

जनकपुरधाम, २४ पुस । महोत्तरीको जलेश्वरस्थित करदाता सेवा कार्यालय खारेज गरिएको छ । नेपाल सरकारको निर्णयबमोजिम सो कार्यालय खारेज भएको आन्तरिक राजस्व कार्यालय जनकपुरधामले जनाएको हो ।

उक्त कार्यालयमार्फत हुँदै आएको करसम्बन्धी सम्पूर्ण कार्य आजबाट कोष तथा लेखा नियन्त्रकको कार्यालय जलेश्वरबाट हुने आन्तरिक राजस्व कार्यालयका प्रमुख आनन्दकुमार गुप्ताले बताउनुभयो । **रासस**

# नेपाल निर्यात परिषद्को अध्यक्षमा थपलिया

काठमाडौँ, २४ पुस । नेपाल निर्यात परिषद्को अध्यक्षमा डा. रामशरण थपलिया निर्वाचित हुनुभएको छ ।

परिषद्को बुधबार सम्पन्न २८ औँ वार्षिक साधारणसभाले निर्विरोध रूपमा थपलियाको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित गरेको हो । परिषद्को प्रथम उपाध्यक्षमा हरिप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा हरि ढकाल, महासचिव वसन्तराज अधिकारी, कोषाध्यक्षमा राजु बानियाँ, सचिवमा अमृतमान श्रेष्ठ र सहकोषाध्यक्षमा हरिशरण भेटवाल निर्वाचित भएका छन् ।

परिषद्ले नेपालमा उत्पादित हस्तकलाका सामान, फेल्ट, धातुका सामग्री, गार्मेन्ट, नेपाली ढाकाका कपडा, उलनका हाते उत्पादनलगायतका सामाग्री विदेशमा निर्यात गर्दै आएको छ । ती सामाग्री आर्थिक वर्ष २०८१/८२ मा रु. दुई खर्ब ७७ अर्ब तीन करोड र चालु आवको चार महिनामा रु. ९३ अर्ब ५० करोडको सामान विभिन्न मुलुक निर्यात भएको थियो । **रासस**

# द्वन्द्वकालमा बन्द भएका छोटी भन्सार सञ्चालन गर्न आग्रह

नेपालगञ्ज २४ पुस । द्वन्द्वकालमा बन्द भएका बाँकेका सात छोटी भन्सार सञ्चालनमा ल्याउन निजी क्षेत्रले आग्रह गरेका छन् । छोटी भन्सार पुनःस्थापना नहुँदा त्यसको मार निजी क्षेत्रलाई परेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष टङ्क धामीले बताउनुभयो ।

उहाँले ती छोटी भन्सार स्थापना भएमा त्यसको प्रत्यक्ष लाभ व्यवसायीलाई हुने उल्लेख गर्दै भन्सार राजस्वसमेत वृद्धि हुने बताउनुभयो । "छोटी भन्सार सञ्चालन गर्दा इमानदार रूपमा व्यवसाय गर्नेलाई लाभ हुन्छ र अवैध काम रोकिन्छ," धामीले भन्नुभयो । उहाँले छोटी भन्सार कार्यालय पुनःस्थापना नहुँदा विभिन्न नाकाबाट अवैध आयात निर्यात बढेको बताउनुभयो ।

नेपालगञ्ज भन्सार कार्यालय प्रमुख जनार्दन पौडेलले विभिन्न नाकाबाट छोटी भन्सार सञ्चालनको माग आए पनि तत्काल सञ्चालन नीति नआएको जानकारी दिनुभयो । उहाँले छोटी भन्सारबाट व्यापारमा विकृति भित्रिएको उल्लेख गर्दै बरु भएका भन्सारलाई सुदृढीकरण गरेर लैजाने सरकारको नीति भएको बताउनुभयो ।

छोटी भन्सारका केही भवन भत्किएर काम नलाग्ने अवस्थामा पुगेका छन् भने केहीको भवन नै छिएन । यी भन्सारबाट विगतमा हुने आर्थिक कारोबारको कुनै अभिलेखीकरण भएकोसमेत पाइँदैन । नरैनापुर, खडैचा, साइगाउँमा छोटी भन्सार रहेका भवन हाल भत्किएर काम नलाग्ने अवस्थामा छन् । नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष तथा व्यवसायी कृष्णप्रसाद श्रेष्ठले गाउँको बाटोबाट भित्रिने मालसामानको भन्सार गर्ने छोटी भन्सार पुनःस्थापना नगर्दा भारतसँग सीमा जोडिएका ग्रामीण क्षेत्रको बाटोबाट खुलेआम तस्करी हुने गरेको बताउनुभयो । **रासस**



**कष्टकर रूपमा गन्तव्य पार**

गत वर्षाको बाढी र पहिरोका कारण क्षतिग्रस्त बीपी राजमार्गअन्तर्गत भकुण्डे-नेपालथोक खण्डमा वैकल्पिक र अस्थायी मार्गबाट सवारी साधनहरू कष्टकर रूपमा गन्तव्य पार गर्दै । *तस्विर: प्रकाश सिलवाल/रासस*

# एक लाख ३३ हजार निर्वाचन प्रहरीको भर्ना खुला

काठमाडौँ, २४ पुस । नेपाल प्रहरीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि एक लाख ३३ हजार ९८० जना निर्वाचन प्रहरी (म्यादी) को भर्ना आह्वान गरेको छ । प्रहरी प्रधान कार्यालयले बिहीबार सूचना जारी गर्दै इच्छुक योग्यता पुगेका उम्मेदवारलाई भर्ना प्रक्रियामा सहभागी हुन सूचित गरेको हो ।

निर्वाचन प्रहरीका लागि यही पुस २५ गतेदेखि आगामी माघ १ गतेसम्म ७७ वटै जिल्ला प्रहरी कार्यालयमा दरखास्त दिन सकिने छ । दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेको हुनुपर्ने प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

निर्वाचन प्रहरीमा नेपाली नागरिक, साधारण लेखपढ गर्न जान्ने, नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, भर्ना हुने समयमा कुनै राजनीतिक दलको सदस्य नभएको, शारीरिक तथा मानसिक रूपमा स्वस्थ्य रहेको, आतङ्ककारी तथा विध्वंसात्मक सङ्गठनको सदस्य नरहेका व्यक्तिले फारम भर्न सक्ने केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेले जानकारी दिनुभयो ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालबाट सेवा निवृत्त पूर्वसुरक्षाकर्मी वा पूर्ववन रक्षक तथा सुरक्षा सङ्गठनमा गत माघदेखि यही पुस मसान्तसम्म विभिन्न पदमा भर्नाका लागि आवेदन दिई शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षण उत्तीर्ण भएका व्यक्तिलाई निर्वाचन प्रहरीका रूपमा छनोट गरिने प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

त्यस्तै, यसअघि सम्पन्न प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका निर्वाचनमा म्यादी प्रहरीका रूपमा भर्ना भई सन्तोषजनक काम गरेका व्यक्ति तथा विदेशी मित्रराष्ट्रका सुरक्षा निकायमा काम गरी सेवा निवृत्त भएका नेपाली नागरिकलाई निर्वाचन प्रहरीमा छनोट गरिने प्रहरी नायब महानिरीक्षक काफ्लेले बताउनुभयो ।

उहाँका अनुसार आगामी माघ ५ गतेदेखि ९ गतेसम्म आवेदकमध्येबाट प्रारम्भिक छनोट गरिनेछ भने अन्तिम नतिजा माघ १२ गते प्रकाशित गर्ने कार्यतालिका रहेको छ । माघ १५ देखि २४ गतेसम्म निर्वाचन प्रहरीलाई तालिम तथा प्रशिक्षण दिइनेछ ।

निर्वाचन प्रहरीको कार्यअवधि नियुक्ति पाएको मितिले ४० दिन वा नेपाल सरकारले तोकेबमोजिम हुनेछ । निर्वाचनको अवधिका आधारमा निर्वाचन प्रहरीको कार्यअवधि हेरफेर भएमा सोहीअनुसार हुने सूचनामा उल्लेख छ । निर्वाचन प्रहरी छनोटका लागि सरकारले निर्वाचन प्रहरी भर्ना छनोट, नियुक्ति तथा परिचालनसम्बन्धी एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि २०८२ स्वीकृत गरिसकेको छ ।

**निर्वाचन प्रहरीले कति पाउनेछन् सुविधा ?**

निर्वाचन प्रहरीले नेपाल प्रहरी जवानको सुरु तलब स्केलसरह प्रतिदिन आठ सय ६९ रूपैयाँ ४० पैसाका दरले ४० दिनसम्मका लागि रु. ३४ हजार ७७६ पाउनेछन् । निर्वाचन प्रहरीलाई सम्बन्धित जिल्लाको नेपाल प्रहरीले पाए सरहको दररेटअनुसार प्रतिनिर्वाचन प्रहरी ४० दिनको लागि खाद्यान्नबापतको रकम निजको व्यक्तिगत बैङ्क खातामा उपलब्ध गराइने प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिनुभयो ।

उहाँका अनुसार निर्वाचनको क्रममा खटिने निर्वाचन प्रहरीलाई खटिएको ठाउँमा आउने र जाने तयारीस्वरूप प्रतिनिर्वाचन प्रहरी एक पटकको लागि एकमुष्ट आठ सय छयालीसका दरले तयारी खर्च उपलब्ध गराइनेछ ।

प्रतिदिन प्रतिनिर्वाचन प्रहरी रु. तीन सयको दरले चार दिनका लागि एकमुष्ट रु. एक हजार २०० खाजा खर्च उपलब्ध हुनेछ । नेपाल प्रहरीको प्रधान कार्यालयबाट तोकिएबमोजिमको दररेटका आधारमा पोसाकबापतको रकमसमेत निर्वाचन प्रहरीले पाउनेछन् ।

कर्तव्य पालनको सिलसिलामा निर्वाचन प्रहरी घाइते भएमा निज स्वयम्ले र मृत्यु भएको खण्डमा निजको नजिकको हकदारले नेपाल सरकारबाट तोकिएबमोजिमको क्षतिपूर्ति प्राप्त गर्नेछन् । **रासस**

# राधानदीमा जलस्तर मापन गर्ने 'रडार लेभल सेन्सर' जडान

कञ्चनपुर, २४ पुस । जिल्लाको बेदकोट नगरपालिका भएर बग्ने चौधरनदीको मुख्य सहायक राधानदीमा 'रडार लेभल सेन्सर' (आरएलएस) जडान गरिएको छ । बाढीको पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यका साथ नदीमा जलस्तर मापन गर्ने आधुनिक आरएलएस प्रविधि जडान गरिएको हो ।

इन्स्टिच्युट अफ हिमालयन रिस्क रिडक्सन, डिसिए नेपाल र नेपाल राष्ट्रिय समाज कल्याण सङ्घ (एनएनएसडब्लुए), कञ्चनपुरको साझेदारीमा सञ्चालित 'स्मार्ट' परियोजनाअन्तर्गत उक्त प्रविधि जडान गरिएको परियोजनाका संयोजक राजकुमार सुनारले बताउनुभयो । उहाँका अनुसार प्रविधि जडानमा जल तथा मौसम विज्ञान कार्यालय अत्तरिया र बेदकोट नगरपालिकाको सहकार्य रहेको छ ।

नदीमा जडान गरिएको रडार लेभल सेन्सरले नदीको जलस्तरको वास्तविक तथ्याङ्क (रियल टाइम डाटा) सङ्कलन गरी तत्काल जानकारी उपलब्ध गराउने संयोजक सुनारले जानकारी दिनुभयो । "यसबाट बर्खायाममा आउन सक्ने सम्भावित बाढीको पूर्वसूचना समयमा प्राप्त हुने र तल्लो तटीय क्षेत्रका नागरिकको जीउधनको सुरक्षामा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको छ," उहाँले भन्नुभयो ।

सेन्सर जडान भएपछि बेदकोटसँगै भीमदत्त नगरपालिका र बेलडाँडी गाउँपालिका क्षेत्रका तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दालाई समयमा बाढीबारे सचेत गराउन मद्दत पुग्ने संयोजक सुनारले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले प्रविधि जडान मात्रै गरिएको छ । यसलाई जल तथा मौसम विज्ञानको प्रणालीमा आबद्ध गर्ने कार्य वर्षा सुरु हुनुअगावै पूरा हुन्छ । त्यसपछि नदीको जलस्तर विभागको वेबसाइटबाट प्रत्यक्ष हेर्न सकिनेछ ।"

बेदकोट नगरपालिकाका प्रमुख भोजराज बोहराले नगरपालिकाले विपद् जोखिम न्यूनीकरणका लागि आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै आएको बताउनुभयो । यस कार्यले स्थानीय समुदायलाई बाढीबाट हुनसक्ने क्षति कम गर्न र विपद् व्यवस्थापनमा सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । **रासस**

# राष्ट्रिय सभाका उम्मेदवारको विरोधमा उजुरी दिन सकिने

काठमाडौँ, २४ पुस । निर्वाचन आयोगले यही माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रमबमोजिम बिहीबार उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने कार्यतालिका सार्वजनिक गरेको छ ।

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रमबमोजिम बुधबार सातवटै प्रदेश राजधानीमा रहेका निर्वाचन अधिकृतको कार्यालयमा शान्तिपूर्ण रूपमा उम्मेदवारको मनोनयनपत्र दर्ता कार्य सम्पन्न भएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

निर्वाचन कार्यक्रमअनुसार यही पुस २५ र २६ गते मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी नामावली प्रकाशित गर्ने, पुस २७ गते उम्मेदवारले नाम फिर्ता लिने तथा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र पुस २८ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने आयोगले जनाएको छ । **रासस**

**। सम्पादकीय ।**

# नेका महाधिवेशनमा फरक मत : पदको होडबाजी

नेपाली काङ्ग्रेसको आन्तरिक विवादका कारण हुन लागेको नेकाको महाधिवेशन यतिबेला चर्चाको विषय बनेको छ । विशेष महाधिवेशन गर्ने या नियमित अधिवेशन गर्ने सम्बन्धमा दलका नेताहरूबिच मत नमिलेपछि विवाद उत्कर्षमा पुगेको हो । एकातिर पार्टीका महामन्त्रीले पुस २७ र २८ गते विशेष महाधिवेशनको आह्वान गरेका छन् भने अर्कोतिर संस्थापन पक्षले व्यक्ति विशेषको भेलामा सहभागी नहुन केन्द्रीय कार्यालयले अपिल गरेको छ । मुलुकमा राजनीतिक सङ्कटको बेला पार्टी नेतृत्वमा पुग्ने होडले नेका विभाजनको स्थितिमा पुगेको राजनीतिक विश्लेषकहरूले टिप्पणी गरेका छन् । हुन त नेकाका नेताहरू कसैले चाहेर पनि पार्टी फुट्दैन, बरू पार्टीलाई एक ढिक्का राख्न र ऊर्जा भर्न दृढ छौँ भन्न पनि पछि परेनन् ।

नेकाका महामन्त्री र संस्थापन पक्षको भिन्न मत सार्वजनिक भएपछि पुस २४ गते प्रकाशित विभिन्न पत्रपत्रिकामा नेकाको महाधिवेशनबारे अनेक चर्चा र टिप्पणी भयो । 'काङ्ग्रेस महामन्त्रीद्वय थापा र शर्माले बोलाए विशेष महाधिवेशन', 'काङ्ग्रेस अर्को कठिन मोडमा', विभाजनको डिलमा काङ्ग्रेस', 'काङ्ग्रेस फुटको डिलमा, विशेष अधिवेशन आह्वान', 'महामन्त्रीद्वय जसरी पनि विशेष महाधिवेशनको अडानमा, संस्थापन रोक्ने दाउमा' आदि शीर्षकमा समाचारहरू छापिए । महामन्त्री गगन थापाले भने, "पार्टी फुट्दैन, कसैले चाहेर पनि फुट्दैन, अप्ठ्यारो अवस्था आयो भने म आफै विष पिएर भए पनि एकता जोगाउने प्रयासमा लाग्नेछु ।" पार्टीका प्रवक्ता प्रकाशशरण महतले भने, "महामन्त्रीको अधिकार क्षेत्र कार्य समितिले गरेका निर्णय सभापतिको निर्देशनअनुसार कार्यान्वयन गर्ने हो, आफूखुसी विशेष बोलाउने निर्णय वैधानिक हुन्न ।" पूर्वसांसद राधेश्याम अधिकारले भने, "४० प्रतिशतले विशेष अधिवेशन माग गरिसकेपछि अनिवार्य बोलाउनुपर्छ, महामन्त्रीले नभए कुनै सदस्यले बोलाए पनि आधिकारिकता हुनेछ ।"

देशकै पुरानो दल, प्रजातान्त्रिक अभ्यास भएको दल नेकामा पार्टीको महाधिवेशन गर्नमा यतिको किचलो किन भयो ? पार्टीको विधान कार्यान्वयन गर्न कसले बाधा दियो ? पार्टीका महामन्त्रीद्वय र संस्थापन पक्षको विवाद खास केको निम्ति हो भन्ने प्रश्न उठाइएको छ । महामन्त्रीद्वय थापा र शर्माले बोलाएको महाधिवेशन सफल होला या नहोला, केन्द्रीय समितिले मान्ला या नमान्ला भन्नेतर्फ नेकाका नेता तथा कार्यकर्ताहरू अन्योलमा परेका छन् । दुई भिन्न मत सार्वजनिक भइसकेको यो घडीमा दुवै पक्षलाई इज्जतको सवाल भएको छ । विशेष महाधिवेशन विधानविपरीत भएको हुँदा कोही सहभागी नहुनु भन्ने संस्थापन पक्षको माग र पार्टीको विधानअनुसारै विशेष महाधिवेशन हुन लागेको हुँदा अधिवेशनमा सहभागी हुन गरिएको सूचनाले नेकाका नेता र कार्यकर्ताहरू अन्योलमा पर्नु स्वाभाविक हो । अधिवेशनको आह्वान पार्टीको केन्द्रीय कार्य समितिले गर्ने कि महामन्त्रीद्वयले भन्ने प्रश्न पनि नेकाकै नेताहरूबिच उठेको पाइएको छ । के विवाद महाधिवेशन सुरू हुनुभन्दा अघि नै सुल्झिएला भन्ने प्रश्न पनि उठेको छ ।

महाधिवेशनमा पार्टीका सभापति, उपसभापति तथा संस्थापन पक्षका प्रतिनिधिहरू सहभागी नभए के हुन्छ ? सहभागी भए के हुन्छ भन्ने प्रश्न पनि ठडेको छ । यी दुई पक्षमध्ये कसको कुरा ठीक र बेठीक कसले छुट्याउने ? निवेदन दर्ता भएको तीन महिनाभित्र विशेष महाधिवेशन सम्पन्न गर्नुपर्ने एकथरीको मत र अधिवेशन वा विशेष अधिवेशन बोलाउने अधिकार व्यक्तिगतरूपमा कुनै पदाधिकारी वा सदस्यलाई नहुने अर्को थरीको मत सार्वजनिक भएको अभिव्यक्तिले पार्टी चलाउने जिम्मेवार नेताहरू नै स्पष्ट नभएको थाहा हुन्छ । पार्टीबारे नेताहरूको दुई मत कसरी आयो ?

महाधिवेशन विवादको कारण नेका फुटे पनि जुटे पनि त्यो आन्तरिक कुरा हो । जसको नेतृत्वमा नेकाको नयाँ कार्य समिति गठन भए पनि त्यो पुँजीवादी पार्टी हो । पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दलले श्रमजीवी जनताको सेवा गर्दैन, गरेको छैन । नेकाका महामन्त्री गगन थापाले त एक समयमा नेका गरिबहरूको पार्टी होइन, श्रमजीवीवर्गका जनताको पार्टी होइन भनेका थिए । देशमा आर्थिक सङ्कट जोहो गर्न उनले सरकारी उद्योग तथा सङ्घ संस्थाहरू बिक्री गरेको बताएका थिए । उनीहरूको अभिव्यक्ति हेर्दा दुवै पक्ष आ-आफ्नो अडानमा रहने देखिएको छ । कुनै मध्यमार्गी पक्षधर नेताहरू विवाद मिलाउनेतर्फ लागेको पनि चर्चा छ ।

फरक मत दिएका नेताहरू आ-आफ्नो अडानमा रहेको स्थिति हेर्दा पार्टीको नेतृत्वमा जानकै लागि उनीहरू लागिपरेको देखिन्छ । भन्ने बेलामा सभापति बन्नका लागि होइन भने पनि पार्टीको नेतृत्व गर्नेतर्फ नै उनीहरू उन्मुख भएको देखिन्छ । पार्टी सभापति बन्ने होड नभएको भए उनीहरू सहमतिमा आउनुपर्ने हो । पार्टीको महाधिवेशनलाई नियमित अधिवेशन र महाधिवेशन भनेर विवादमा फस्नुपर्ने होइन । नियमित महाधिवेशन र विशेष महाधिवेशन भने पनि त्यो आखिर नेकाकै महाधिवेशन हो; महाधिवेशनबारे दलका नेताहरू आफू आफू डम्फु बजाएर हिंड्नुपर्ने होइन । ठुला दलका नेताहरूमा पदको निम्ति होडबाजी गर्ने काम यो पहिलो पटक होइन । यसअघि पनि नेकाभित्र मात्र होइन अरू ठुला दलका नेताहरूमा पनि यस्तो चरित्र देखिएकै हो । देश र जनताको सेवामा प्रतिस्पर्धा गर्नुपर्ने नेताहरू पद र पैसामा केन्द्रित भएकै कारण देशको राजनीतिमा समस्या आएको हो; देशको अनुहार फेर्न नसकेको हो ।

## सन्दर्भः चाउ एनलाई स्मृति दिवस (८ जनवरी)

# चाउ एनलाई : सुन्दर अनुहार र गजबको बौद्धिकता !

५४ वर्ष पहिला चीनका प्रधानमन्त्री चाउ एनलाई हिउँको चिसो हावासँगै पेइचिङ एयरपोर्टमा उभिएका थिए । उनको वरिपरि थिए चिनियाँ कम्युनिस्ट पार्टीका केही अधिकारीहरू र वरिष्ठ सरकारी र सैनिक अफिसरहरू ।

दिउँसो भइसकेको थिएन । त्यो दिन थियो १२ फेब्ररी, १९७२ । पटक पटक उनको नजर आउँदै गरेको हवाईजहाजमा जान्थ्यो । आउँदै गरेको जहाजमा आइरहेका थिए रिचर्ड निक्सन, चीनको यात्रा गर्ने पहिलो अमेरिकी राष्ट्रपति ।

त्यो दिन अन्य देशका राष्ट्राध्यक्ष आउनेजस्तो कुनै तामझाम थिएन पेइचिङ एयरपोर्टमा । न कुनै रेड कार्पेट न दुबै देशको राष्ट्रिय धुन बजाउन तम्तयार कुनै सैनिक ब्यान्ड ।
अमेरिकी पाहुनाको स्वागतको लागि परम्परागत २१ तोपको सलामी दिनको लागि कुनै तोप पनि थिएनन् ।

एयरपोर्टको टर्मिनल भवनमा फहराइरहेका जनवादी गणतन्त्र चीनको र अमेरिकी झण्डाबाट अलिकति सङ्केत मिल्थ्यो कि कुनै ठुलो कूटनीतिक क्षणको सबैलाई प्रतिक्षा छ ।

आकासमा राष्ट्रपति निक्सनको विमान देखियो । त्यो समयमा 'एयरफोर्स वन' जाँदैन थियो । त्यसको नाम थियो 'स्पिरिट अफ-७६' । छिटोछिटो सिँढी लगाइयो । पूरा विश्वको ध्यान ढोकामा थियो ।

राष्ट्रपति निक्सन तीव्र रूपमा सिँढीबाट उत्रन सुरु गरे । उनी आफ्नो



स्वागत गर्न बसेका व्यक्तिसँग हात मिलाउन यति हतारिएका थिए कि उनले ढोकाबाट बाहिर निस्कनेबित्तिकै आफ्नो हात अगाडि बढाए ।

तल उभिएका चाउ एनलाईले त्यो समयसम्म आफ्नो हात अगाडि बढाएनन् जबसम्म निक्सनले चीनको जमिनमा टेकेनन् ।

त्यसपछि पनि उनी आफ्नो हात धेरै माथि उठाउन सकेनन् । किनकि धेरै पहिला एक लडाइँमा लागेको चोटका कारण उनी आफ्नो हात माथि उठाउन सक्दैन थिए ।
चाउ एनलाई धेरै खुसी देखिएका थिएनन् । उनलाई थाहा थियो कि उनले विश्वको सबैभन्दा ठुलो साम्राज्यवादी देशको राष्ट्रपतिलाई स्वागत गरेर धेरै ठुलो जोखिम उठाइरहेका छन् ।

चाउले यो सुनिश्चित गरेका थिए कि दोस्रो दिन उनको निजी फोटोग्राफरले मात्र खिचेका फोटो पत्रपत्रिकामा आऊन् । जसमा निक्सन आफ्नो हात बढाउँदै तल उत्रेको र तल उभिएका चाउ मुस्कुराउँदै आफ्नो हात बाँधेर उनको प्रतिक्षा गरिरहेको प्रस्ट देखिएको थियो ।

रात्रि भोजमा पनि गिलास उठाउँदा उनले राष्ट्रपति निक्सन र उनको हातको उचाइ बराबर होस् भनी ध्यानमा राखेका थिए ।

**चाउको सबैभन्दा ठुलो खुबी**

आम मान्छेहरूलाई यो अनावश्यक विवरण लाग्न सक्छ । तर यी नै विवरणमा चिनियाँ कूटनीतिको सूक्ष्म भाषा लुकेको हुन्छ । चाउ एनलाईको जीवनी लेख्ने गाओ वेनकियान लेख्छन् कि चाउले अमेरिकी राष्ट्रपतिको आगमनभन्दा पहिला यी सबै कुराको अभ्यास गरेका थिए ।

उनले पहिला नै निश्चिय गरेका थिए कि उनी अमेरिकी राष्ट्रपतिसँग न त धेरै घुलमिल गर्नेछन् न त धेरै टाढा हुनेछन् । उनीसँग भेट्दा न त धेरै खुसी हुनेछन् न त बेवास्ता गर्नेछन् । चाउ एनलाइमा एउटा खुबी थियो कि नेता माओ के सोचिरहेका छन् अथवा के सोच्नेवाला छन् भन्ने थाहा पाउँथे ।

अमेरिकाका पूर्वविदेशमन्त्री हेनरी किसिंजरले आफ्नो आत्मकथा ह्वाइट हाउस इयर्समा चाउ एनलाइको बारेमा लेखेका छन्, 'जब मैले पहिलोपटक १९७१ मा चाउलाई भेटेको थिएँ त्यो समयमा उनी चिनियाँ कम्युनिस्ट आन्दोलनको नेता बनेको ५० वर्ष भएको थियो । चाहे दर्शन, ऐतिहासिक विश्लेषण, रणनीति, संस्मरण अथवा हाजिरीजवाफ सबैमा उनको राम्रो ज्ञान थियो । उनको विशेष गरेर अमेरिकाको विषयमा र मेरो पृष्ठभूमिको बारेमा अद्भूत जानकारी थियो । उनी एक शब्द पनि खेर फाल्दैन थिए । यसबाट प्रस्ट हुन्थ्यो कि उनी कति परिपक्व छन् भनेर ।'

**माओका नम्बर दुई**

भारतका पूर्वविदेशमन्त्री नटवर सिंहको मनमा चाउ एनलाईप्रति धेरै इज्जत छ । उनले बीबीसीसँग कुरा गर्दै भने, "चाउको बराबरमा विश्वमा बीसौँ शताब्दीमा कुनै कूटनीतिज्ञ जन्मेको छैन । जादु नै थियो उनमा । उनमा जनसम्पर्क र कूटनीतिक ज्ञान जति थियो अरु कसैमा थिएन ।"

तर केही राजनीतिक विश्लेषकको नजरमा चाउ एनलाईको राजनीतिक जीवन पूर्ण रूपमा दागरहित थिएन ।

उनका जीवनीकार गोओ वेन क्विन लेख्छन्, "चाउ भित्तामा एक सामान्य प्वाल



खोज्नमा निपुर्ण थिए । जसबाट मानिसहरूलाई आफूले लिने निर्णय तटस्थ छ भनेर सम्झाउन सकून् । वास्तवमा उनी माओका विश्वासपात्र थिए । आफ्नो दोषबाट बच्नको लागि अतिरञ्जनाको प्रयोग गर्न हिच्किचाउँदैन थिए ।"

उनको राजनीतिक अस्तित्व यसकारण पनि बनिरह्यो कि उनले माओको अधीनता बिनाहिचकिचाहट स्वीकारेका थिए । अधिकांश समयमा माओ सही नै थिए पनि उनी सधैँ माओका अभिन्न सहायक भए तर उनले सधैँ माओको निर्णयको गल्ती सच्याए । यसकारण, उनी सधैँ माओका दुई नम्बर बनिरहे ।

**पहिलो अक्टोबर परेड**

भारतका विदेश मन्त्रालयका सचिव र सत्तरीको दशकमा चीनमा भारतका शार्डी अफेयरर्स लखनलाल मेहरोत्रालाई १९५५मा चाउ एनलाईसँग भेट्ने मौका मिलेको थियो । जब उनी एक भारतीय विद्यार्थीहरूको प्रतिनिधिमण्डलका सदस्यको रूपमा चीन गएका थिए ।



मेहरोत्रा सम्झन्छन्, "म इलाहावाद विश्वविद्यालयको विद्यार्थी थिएँ । मलाई चीन जाने विद्यार्थीको सांस्कृतिक प्रतिनिधिमण्डलमा छानिएको थियो । जब हामी चीन पुग्यौँ सबै डेलीगेसनको साथमा पेचिङ् होटलमा बसालियो । पहिलो दिन हामी खाना खान तल आयौँ त चाउ एनलाई हाम्रो टेबलमा आएर बसे । उनले हामीलाई सोधे कि तपाईंहरूमध्ये कति जना शाकाहारी हुनुहुन्छ ? अर्को प्रश्न गरे तपाईंहरूलाई खाना सन्तोषजनक रूपमा दिएको छ कि छैन ? हामीमध्ये केहीले यहाँ हामीलाई मनपरेको छैन भनी जवाफ दिए । त्यसपछि हामी जहाँ गए पनि राम्रो शाकाहारी खाना दिइयो । यसले दर्शाउँछ कि उनी साना साना कुरामा पनि ध्यान दिन्थे ।"

लखन लाल मेहरोत्रा भन्छन्, "दोस्रो दिन अथवा अक्टोरमा जब परेड भयो हामीलाई चीनका शीर्ष नेताहरूको बक्समा लिइयो । ११० देशका डेलिगेसन चीन आएका थिए । उनीहरू एकपछि एक तियानमेन स्क्वायरको अगाडिबाट हिँडिरहेका थिए । हाम्रो डेलिगेसन जब त्यहाँबाट जाँदै थियो त परेडको नियन्त्रण गर्ने मान्छेले हामीलाई भन्यो कि तपाईंहरू अलग्गै आउनुहोस् । हामीलाई फारबिडन सिटीमाथि लगियो । जहाँबाट पूरा पोलिटब्युरो सदस्यहरू परेड हेरिरहेका थिए । त्यहाँ चाउ एनलाईले आफै आएर हामीहरूलाई माओसँग भेट गराए ।"

**भारत भ्रमण**

चाउ एनलाईको यही खुबिको कारण विश्वभरिका पत्रकारहरू र राजनीतिक विश्लेषक उनका प्रशंसक थिए ।

पत्रकार जैक एन्डरसनले आफ्नो पुस्तक 'कनफेसन अफ ए मकरेकर' मा लेखेका छन्, "मेरो दिमागमा चाउ एनलाईको जुन सम्झना रहेको छ त्यो ४५ वर्ष उमेरमा पनि उनको सुन्दर अनुहार र गजबको बौद्धिकता । उनी दुब्ला थिए तर धेरै मेहनती थिए ।"

उनको जीवन धेरै सादा थियो तर उनी धेरै सजिला मान्छे थिए । उनको उठ्ने बस्ने तरिका धेरै सुन्दर थियो । फ्रेन्च र चिनियाँ भाषामा उनको समान ज्ञान थियो । अमेरिकी विदेश विभागका विशेषज्ञ वाल्टर राबर्टसनले उनको बारेमा एक पटक भनेका थिए कि उनी जस्तो मनमोहक, बौद्धिक र आकर्षक मान्छे कुनै पनि प्रजातिमा पाउन मुश्किल थियो ।"

१९६० मा चाउ एनलाई भारत आएका थिए । १९६२ को युद्ध टार्ने उनको तर्फबाट धेरै कोशिश भयो । तर जवाहरलाल नेहरूसँग उनको वार्ता असफल भयो । नेहरूले भने कि उनको मन्त्रीमण्डलका वरिष्ठ सदस्य भारतको पक्ष राख्नको लागि उनलाई भेट्नेछन् । चाउ एनलाईले भने कि ती मन्त्रीहरूसँग भेट्न म आफै तिनीहरूकोमा जान्छु । त्यो यात्रामा पूर्व विदेशमन्त्री नटवर सिंह चाउ एलनलाइको सम्पर्क अधिकारी थिए ।

**भारत-चीन सम्बन्ध**

नटवर सिंह सम्झन्छन्, "जब उनी उपराष्ट्रपति राधाकृष्णन, पण्डित पन्त र मोरारजी देसाइलाई भेट्न गए, उनीसँगै म थिएँ । चाउ एनलाई र मोरारजी देसाईको बैठक धेरै नराम्रो भयो । उपराष्ट्रपतिसँगको बैठक पनि सफल भएन । पन्तजीसँगको भेटघाट ठिक्कै भयो । एक दिन पत्रिकामा कार्टुन छापियो जसमा चाउलाई एउटा कोब्रा सर्पको रूपमा देखाएको थियो ।"

'उनले मलाई सोधे यस्तो किन भइरहेको छ ? मैले भने यहाँका पत्रकारहरू नेहरूलाई पनि छोड्दैनन् । चाउले भने, "के तपाईंको नजरमा यो काम गर्ने तरिका सही हो । म चुप रहेँ । त्यसपछि अरु सम्बन्ध बिग्रँदै गयो । भारत-चीन सम्बन्धको पहल संसदमा गयो । नेहरू रिसाए ।"

यही यात्राको समयमा चिनियाँ दूतावासबाट राष्ट्रपति भवन आउँदा राजपथमा चाउ एनलाई चढेको कार बिग्रियो ।

नटवर सिंह सम्झन्छन्, 'चाउ एनलाईलाई सडकमा उत्रेर अर्को कारको प्रतिक्षा गर्नु पर्‍यो । म उनको छेउमा बसेको थिएँ । भारतीय सुरक्षा अधिकारी रामेश्वरनाथ काव थिए । जो पछि भारतीय खुफिया एजेन्सी 'रअ'को प्रमुख बने । उनी अगाडिको सीटमा बसेका थिए ।"

**भारतप्रतिको रुख**

नटवर सिंह भन्छन्, "हामी दुबैजनालाई लाज लाग्यो कि चाउ एनलाई सोचिरहेका होलान् कि भारत कस्तो तुच्छ देश रहेछ । जसले विदेशी पाहुनालाई राम्रो गाडी पनि उपलब्ध गराउन सक्दैन । तर, चाउ एनलाईको हावभावबाट यस्तो केही लागेन ।"

तर, १९७३ आउँदा आउँदै चाउ एनलाईको भारतप्रतिको हेराइ पूर्णरूपमा

*बाँकी पृष्ठ ७ मा*

# स्थानीय तह जनताको नजिकको सरकार हुँदा जनअपेक्षा स्वाभाविक



सुनिल प्रजापति, प्रमुख

आजबाट भक्तपुर नगरपालिकाको १९ औँ नगरसभा सुरु हुँदै छ। यस नगरको विकास र प्रगतिका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति हामी उच्च सम्मान व्यक्त गर्दछौँ।

२०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएको साढे तीन वर्ष पूरा भयो। ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको यस भक्तपुर नगरपालिकाको नेतृत्वमा बसेर काम गर्न पाउँदा हामीलाई गौरवको अनुभूति भइरहेको छ। भक्तपुर नगरपालिकाको हरेक काममा यहाँका जनताले गरेको साथ र सहयोगप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौँ। जनताको बलियो साथ र सहयोगबिना भक्तपुरको यो स्तरको विकास सम्भव थिएन।

स्थानीय तहको निर्वाचनको बेला नेपाल मजदुर किसान पार्टीको घोषणापत्रमार्फत गरिएका प्रतिबद्धताहरू हामी एक-एक गरी पूरा गर्दै छौँ। स्थानीय तह जनताको नजिकको सरकार भएको हुँदा स्थानीय तहप्रति जनताको अपेक्षा बढी हुनु अस्वाभाविक होइन। नगरपालिकाको सीमित स्रोत र साधनहरूको अधिकत्तम प्रयोग गरी जनताका असीमित आवश्यकताहरूलाई प्राथमिकताको आधारमा हामी क्रमश: पूरा गर्दै छौँ।

स्थानीय तहहरू अधिकारसम्पन्न र स्वायत्त भएमात्रै जनताका आवश्यकता छिटो-छरितो पूरा गर्न सकिन्छ भन्ने मान्यताअनुसार भक्तपुर नगरपालिकाले पूर्ण स्वायत्तताको अभ्यास गरिरहेको छ। स्थानीय तहहरूलाई अधिकारसम्पन्न बनाउन समय-समयमा सरकारको ध्यानाकर्षण गरिरहेका छौँ। स्थानीय तह प्रजातन्त्रको जग भएको हुँदा स्थानीय तह बलियो भएमात्र प्रजातन्त्र बलियो हुने र जनता बलियो हुनेमा हामी विश्वास गर्छौं।

हामी निर्वाचित भएदेखि नै नगर र नगरवासीहरूको हितलाई केन्द्रबिन्दुमा राखेर काम गर्दै छौँ। नगरको शान्ति सुरक्षादेखि जनताको आधारभूत आवश्यकता पूरा गर्न विभिन्न सरकारी सङ्घ-संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्दै अगाडि बढ्दै छौँ। यसले हाम्रा हरेक गतिविधि सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याएको हाम्रो अनुभव छ।

भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र सम्पदा संरक्षित तथा पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने हाम्रा अग्रजहरूले देख्नुभएको सपनालाई साकार पार्न भक्तपुर नगरपालिका कटिबद्ध भएर लागिरहेको छ। भक्तपुरवासीहरूको लामो र निरन्तरको प्रयासपछि अहिले भक्तपुर सबैको आकर्षणको केन्द्र बन्दै छ।

नेपालको संविधान र प्रचलित कानुनको अधीनमा रही शिक्षा, स्वास्थ्य उपचार, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणका कार्यहरू गर्दै युवाहरूका लागि सीपमूलक तालिमहरू दिएर आत्मनिर्भर बनाउने प्रयास गरिरहेका छौँ।

नेपाल र विभिन्न देशका स्थानीय सरकार प्रमुखहरू, प्रदेश र सङ्घ सरकारका प्रतिनिधिहरूको बराबर हुने भक्तपुर भ्रमणसँगै भक्तपुरका जनताले इमानदारीपूर्वक गरेका काम विश्वलाई देखाउने अवसर प्राप्त भएको छ। यसले हामी जनप्रतिनिधिहरूलाई जनताको सेवामा समर्पित भएर काम गर्न थप उत्साहित गरेको छ। जनप्रतिनिधि, स्थानीय जनता र राजनैतिक कार्यकर्ताहरूको एकमनको एकतालाई अझ बलियो बनाउनुपर्ने आवश्यकता हामी महसुस गर्दै छौँ।

भदौ २३ र २४ गतेको युवाहरूको प्रदर्शनले देश नराम्ररी प्रभावित भयो। त्यो क्रममा भक्तपुर पनि अछुतो रहेन। भक्तपुरको जिल्ला प्रशासन कार्यालय, स्काउट भवनलगायत केही सरकारी कार्यालयहरू जलाइए। नेपाल आउने पर्यटकहरूमा निकै कमी आयो। भक्तपुर नगरपालिकाको आर्थिक स्रोतमध्येको पर्यटन शुल्कमा केही प्रभाव पऱ्यो। विगतका वर्षहरूदेखि नै बाह्य पर्यटकसँगै आन्तरिक पर्यटक वृद्धिका लागि भक्तपुर नगरपालिकाले विभिन्न गतिविधिहरू गर्दै आइरहेको छ।

भक्तपुर नगरपालिकाले नीति तथा कार्यक्रम र बजेट पारित गरेर त्यसको आधारमा काम गरिरहेको छ। आ.व. २०८२।८३ मा पारित बजेटको आधारमा साउनदेखि पुस २० गतेसम्म भएका कार्यहरूलाई सङ्क्षिप्तमा यहाँ प्रस्तुत गर्न चाहन्छौँ।

**आयतर्फ** :

यस नगरपालिकाको चालु आ.व. २०८२।८३ को स्वीकृत बजेटअनुसार आन्तरिक स्रोततर्फ अनुमानित रु. ६४ करोड ७१ लाख १० हजार प्रक्षेपण गरिएकोमा २०८२ पुस २० गतेसम्म २६ करोड ११ लाख ९५ हजार रुपैयाँ सङ्कलन भएको छ भने बाह्य स्रोततर्फ १ अर्ब ५० करोड १३ लाख रुपैयाँ अनुमान गरिएकोमा ५८ करोड १७ लाख ७१ हजार सङ्कलन भएको छ। २०८२ पुस २० गतेसम्म नगद मौज्दातसमेत रु. १ अर्ब १६ करोड ७६ लाख ६६ हजार आय भएको हुँदा त्यो कूल अनुमानित आय रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजारको ४७ प्रतिशत प्रगति भएको देखिन्छ।

**व्ययतर्फ** :

यस नगरपालिकाको स्वीकृत बजेटअनुसार आ.व. २०८२।८३ मा चालु खर्च शीर्षकमा रु. १ अर्ब ५२ करोड ५३ लाख ११ हजार र पुँजीगत खर्च शीर्षकमा रु. ८० करोड ४८ लाख तथा वित्तीय व्यवस्थातर्फ रु. १४ करोड ३० लाख गरी कूल रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजार विनियोजन भएकोमा आ.व. २०८२।८३ को पुस २० गतेसम्म चालुतर्फ रु. ५५ करोड २ लाख ४९ हजार खर्च भई विनियोजित रकमको ३६.०७ प्रतिशत खर्च भएको छ। त्यसैगरी पुँजीगत खर्च शीर्षकतर्फ रु. ११ करोड ७७ लाख ४२ हजार खर्च भई विनियोजित रकमको १४.६३ प्रतिशतमात्र खर्च भएको छ र वित्तीय व्यवस्थातर्फ रु. १ करोड खर्च भई विनियोजित रकमको ६.९९ प्रतिशत खर्च भई कुल रु. ६७ करोड ७९ लाख ९२ हजार खर्च भई विनियोजित रकमको २७.४१ प्रतिशतमात्र खर्च भएको देखिन्छ।

**क) शिक्षा** :

- भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरिकै विद्यार्थीलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको छ। नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले समय-समयमा विभिन्न विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनको आयोजन गर्दै आएको छ। हालै त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, ख्वप कलेज अफ इन्जिनियरिङ र काठमाडौँ विश्वविद्यालय भौतिकशास्त्र विभागको संयुक्त आयोजनामा पुस ५ र ६ गते 'खाद्य सामग्री, स्वास्थ्य र कृषि क्षेत्रमा प्लाज्माको प्रयोग' विषयमा अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ। ख्वप इ. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २०८२ माघ ५ गतेदेखि ७ गतेसम्म 4th International Conference on Earthquake Engineering and Post Disaster Reconstruction Planning विषयक अन्तर्राष्ट्रिय सम्मेलन हुँदै छ। त्यसैगरी आगामी फागुनको १ गते 'कम्प्युटर, इलेक्ट्रोनिक्स र इलेक्ट्रिकल इन्जिनियरिङ' विषयको राष्ट्रिय सम्मेलन गर्ने तयारी भइरहेको छ। हाम्रा इन्जिनियरिङ कलेजहरूले नियमित रूपमा प्रत्येक वर्ष सम्पदा संरक्षण र आर्किटेक्चर विषयको राष्ट्रिय सम्मेलन पनि आयोजना गर्दै आएका छन्। साथै २०८३ जेठ ८ र ९ गते ख्वप कलेजको आयोजनामा चौथो राष्ट्रिय सम्मेलन गर्ने तयारी भइरहेको छ।
- नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले गुणस्तरीय शिक्षालाई पनि उत्तिकै जोड दिइरहेको छ। ख्वप कलेज अफ इन्जिनियरिङको सिभिल इन्जिनियरिङ शैक्षिक कार्यक्रम २०७६ समूहका विद्यार्थी ई. गौरव भूषाल वि.सं. २०८० सालको सिभिल इन्जिनियरिङ विषयको स्नातक (बि.ई. सिभिल) मा सर्वप्रथम भई त्रिभुवन विश्वविद्यालयको ५१ औँ दीक्षान्त समारोहमा शिवराज पन्त स्मृति पुरस्कारबाट पुरस्कृत भएका छन् भने ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा शैक्षिक वर्ष २०७९।८० मा भर्ना भएका १९ औँ समूहका विद्यार्थीहरूको अन्तिम परीक्षाको नतिजामा जम्मा ३९ जना विद्यार्थीहरूमा ३७ जना विद्यार्थीहरू विशिष्ट श्रेणीमा र २ जना विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण भई गुणस्तरीय शिक्षाको उदाहरण प्रस्तुत गरेको छ। विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन नगर शिक्षा समितिअन्तर्गत नगर परीक्षा समिति गठन गरी कक्षा ५, ८ र १० को परीक्षा सञ्चालन गर्दै आएका छौँ। गत २०८१ सालको एसईई परीक्षामा भक्तपुर नगरपालिकाभित्रका ६० वटा विद्यालयबाट २ हजार ४१० जना परीक्षामा सहभागीहरूमध्ये २ हजार १६६ जना उत्तीर्ण भएका थिए। यो परीक्षामा सहभागी परीक्षार्थीहरूमध्ये ८९.८८ प्रतिशत हो।
- भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा गरिब तथा जेहेनदार विद्यार्थीहरूका लागि वर्षको ४ करोडभन्दा बढी छात्रवृत्तिको व्यवस्था हुँदै आएको छ। आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्न सहुलियत ब्याजदरमा शैक्षिक ऋणको व्यवस्था छ। आर्थिक वर्ष ०८२।८३ मा ९९ जना विद्यार्थीहरूको लागि प्रतिविद्यार्थी रु. ५ लाखसम्म शैक्षिक ऋण स्वीकृत गरी चालू आ.व.मा ५० जनालाई रु. १ करोड ७२ लाख २७ हजार रुपैयाँ ऋण प्रदान गरिसकेको छ। राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, अर्थशास्त्र र दर्शनशास्त्र अध्ययन गर्ने नगर क्षेत्रभित्रका विद्यार्थीहरूका लागि पूर्ण छात्रवृत्ति प्रदान गर्ने नीतिअनुसार यस अवधिमा ६ जना विद्यार्थीहरूलाई स्नातक/स्नातकोत्तर/एफ.फिल/विद्यावारिधी तहसम्मको लागि छात्रवृति प्रदान गरेका छौँ। हालसम्म यसरी नगरपालिकाले तोकेका विषयहरू छात्रवृत्तिमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या २५० भन्दा बढी छन्।
- वडा वडामा शिशुस्याहार केन्द्र सञ्चालन गर्ने योजनाअनुरुप यो वर्ष भनपा १० कमलविनायकमा शिशु स्याहार केन्द्र सञ्चालनको तयारी भइरहेको छ। यसरी शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर कक्षासम्मको शिक्षा दिने भक्तपुर नगरपालिका नेपालको एक मात्र नगरपालिका हो। नेपाल सरकारले ख्वप विश्वविद्यालय विधेयक पारित गरिदिएको खण्डमा विश्वविद्यालयसमेत चलाउने भक्तपुर नगरपालिका देशको पहिलो नगरपालिका हुनेछ।

**ख) स्वास्थ्य** :

- भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा, वडा-वडामा स्वास्थ्य केन्द्रको सञ्चालनदेखि १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै आएको छ। ख्वप अस्पतालको स्वास्थ्य सेवा र सुविधाको गुणस्तर वृद्धिको लागि आधुनिक स्वास्थ्य उपकरणहरू थप्ने क्रम जारी छ। ख्वप अस्पतालमार्फत वर्षको ३६५ दिन ११ घण्टा ओपीडी सेवा प्रदान गर्दै जनताको स्वास्थ्य उपचारमा सहज पहुँच पुऱ्याउन प्रयत्नशील छौँ। चालू वर्षको ५ महिनाको अवधिमा अस्पतालले १ लाख ३३ हजारभन्दा बढी बिरामीलाई सेवा प्रदान गरिसकेको छ। गत आ.व.२०८१।८२ मा ७० भन्दा बढी जिल्लाका २ लाख ८९ हजारभन्दा बढी बिरामीहरूको सेवा गरेको थियो। अस्पतालले गुणस्तरीय उपचार सेवा प्रदान गर्दै आएकोमा आगामी माघ महिनाबाट सीटी स्क्यान सेवा सञ्चालनमा ल्याउने तथा थप एउटा अत्याधुनिक ल्याप्रोस्कोपिक मेसिनबाट सर्जरी सेवालाई अझ विस्तार गर्ने तयारी भइरहेको छ। अस्पतालले सेवाग्राहीहरूको सहजताको लागि क्यु.आर. प्रविधिमा आधारित ल्याब रिपोर्ट वितरण प्रणालीको सुरुआत गरेको छ।
- चालु आ.व.मा नगरपालिकाको व्यवस्थापनमा सञ्चालित आर्युवेद उपचार केन्द्रबाट २ हजार २५८ जनालाई र घरदैलो नर्सिङ सेवा २४ हजार ११७ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरिएको छ। यस अवधिमा ख्वप तिलगङ्गा आँखा अस्पतालबाट ११ हजार ४९१ जनालाई आँखाको उपचार तथा ३३८ जनाको आँखाको शल्यक्रिया सेवा गरिसकेको छ। त्यसैगरी श्वासप्रश्वास पुन:स्थापना केन्द्रबाट १ हजार ८८० जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरेको अभिलेख छ।
- नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर नियमित रूपमा स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आइरहेको छ। हाल वडावडामा भी.आई.ए. टेस्टमार्फत महिलाहरूको पाठेघरको मुखको क्यान्सर परीक्षण तथा स्तन क्यान्सर, हाडजोर्नी तथा नशा रोगसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविरहरू सञ्चालन भइरहेका छन्।
- नगरपालिका क्षेत्रका नगरवासीहरूलाई नि:शुल्क रगत र नि:शुल्क अक्सिजन वितरण व्यवस्थालाई निरन्तरता दिँदै आएकोमा चालु आ.व.मा ६५५ जनालाई रु. १२ लाख १० हजार रकम बराबरको नि:शुल्क रगत र ७ हजार १३७ वटा ठुलो र सानो अक्सिजन सिलिन्डर नि:शुल्क उपलब्ध गराइएको छ। कडा रोग लागेका ९६ जना नगरवासी बिरामीलाई आर्थिक सहयोगबापत यस अवधिमा रु. १४ लाख ४० हजार रुपैयाँ प्रदान गरिएको छ।
- २०८२ पुस ८ देखि ११ गतेसम्म भक्तपुर नगरक्षेत्रका सामुदायिक र संस्थागत विद्यालयहरूका शिशु कक्षादेखि १० कक्षासम्मका विद्यार्थीहरूको मुटुरोग परीक्षण सम्पन्न गरियो। उक्त शिविरमा ३० हजार ६८३ जना विद्यार्थीहरूको मुटुको परीक्षण गरेकोमा १४२ जनामा जन्मजात मुटुको समस्या पहिचान भएको छ। ती विद्यार्थीहरूको नि:शुल्क उपचार भइरहेको छ। छोटो अवधिमा यति धेरैको सङ्ख्यामा स्वास्थ्य परीक्षण गरेको यो पहिलो पटक हो।

**ग) संस्कृति तथा सम्पदा संरक्षण** :

- यस आ.व. मा भक्तपुर नगरपालिका वडा नं. ८ स्थित हामा द्यो मन्दिर र भक्तपुर नगरपालिका वडा नं. ९ स्थित सलाँ गणेश मन्दिर पछाडिको पाटी पुन:निर्माण सम्पन्न भयो। भनपा वडा नं. २ स्थित इन्द्रायणी द्यो छेँ पुन:निर्माण, भ.न.पा ४ स्थित हाडा छेँ पुन:निर्माण र इखालाछी मठ पुन:निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ। भ.न.पा वडा नं. ३ दरबार क्षेत्रमा अवस्थित थंथु दरबार पुन:निर्माण आयोजनाअन्तर्गत उक्त दरबारको पहिलो तल्लाको कार्य सम्पन्न भई दोस्रो तल्ला निर्माण भइरहेको छ।

**घ) कृषि** :

- चालू आ.व.मा भक्तपुर नगरपालिकाका २५ जना कृषक परिवारलाई ५० प्रतिशत अनुदानमा प्रतिपरिवार तीस हजार बराबरको कृषि सामग्रीहरू वितरण गरियो। कृषकहरूलाई नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मल समानुपातिक वितरणको व्यवस्था मिलाइएको छ। नगरपालिकाबाट उत्पादित प्राङ्गारिक मल र कृषि चुन सहुलियत दरमा स्थानीय कृषकहरूलाई उपलब्ध गराउँदै आएका छौँ। साथै कृषि मल र जैविक विषादीबारे अभिमुखीकरण कार्यक्रम पनि यस अवधिमा सम्पन्न भएको छ।
- सामुदायिक कुकुर तथा बिरालो बन्ध्याकरणको प्रक्रिया अगाडि बढाइएको छ।

**ङ) पर्यटन** :

- भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको नेतृत्वमा आठ सदस्यीय प्रतिनिधिमण्डलले २०८२ असोज ३ गतेदेखि असोज ८ गतेसम्म भगिनी सहर जनवादी गणतन्त्र चीनको सिचाङ स्वशासित क्षेत्रअन्तर्गतको सान-नान नगरपालिकाको भ्रमण गरी २०८२ असोज ४ गते भगिनी सम्बन्ध नवीकरण सम्झौता सम्पन्न गऱ्यो। त्यसैगरी २०८२ असार १० गते (जून २४, २०२५) ल्हासा सहरमा सम्पन्न चीनको सिचाङ स्वशासित क्षेत्र (तिब्बत) र नेपालबिच भगिनी सम्बन्ध स्थापना भएका १९ वटा नगरपालिकाहरूको बैठकमा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व र प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईको टोली सहभागी भएको थियो। विदेशी सहरसँग भगिनी सम्बन्धका लागि सिचाङ जनमैत्री सङ्घ र तिब्बतस्थित नेपाली महावाणिज्यदूतावासको संयुक्त आयोजनामा Share.Build.Create Together भन्ने मूल नारासहित उक्त बैठक आयोजना गरिएको थियो।
- आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनको उद्देश्यले 'भक्तपुरको पोखरी चिनौँ, सम्पदा संरक्षणमा अघि बढौँ' भन्ने नाराका साथ भक्तपुर नगरका दक्षिणी भेगका पाखेरीहरूको अवलोकन गरी 'सांस्कृतिक सम्पदा पदयात्रा'

*बाँकी पृष्ठ ७ मा*

# पेट्रो–ट्रम्प टकरावले कोलम्बिया कूटनीतिक दोधारमा




*राजधानी बोगोटामा समर्थकहरूसहित पत्रकार सम्मेलनमा कोलम्बियाली राष्ट्रपति गुस्ताभो पेट्रो*

बोगोटा, ८ जनवरी (एपी)। भेनेजुयलामा ट्रम्प प्रशासनले गरेको सैन्य हस्तक्षेपलाई लिएर कोलम्बियाका वामपन्थी राष्ट्रपति गुस्ताभो पेट्रोले गरेको कडा आलोचनाले वासिङ्टन र बोगोटाबिचको सम्बन्धलाई अभूतपूर्व तनावमा पुऱ्याएको छ।

यस हस्तक्षेपलाई पेट्रोले ल्याटिन अमेरिकी सार्वभौमसत्तामाथिको 'घृणित उल्लङ्घन' भन्दै सन् १९३७ मा नाजी जर्मनीले स्पेनको गुएर्निकामा गरेको कार्पेट बमबारीसँग तुलना गर्नुभएको छ।

अमेरिकाको ऐतिहासिक रूपमा निकट सहयोगी रहँदै आएको कोलम्बियाबाट यस्तो तीव्र प्रतिक्रिया आउनु असामान्य मानिएको छ। विगत तीन दशकदेखि लागुऔषध तस्करी नियन्त्रण, विद्रोही समूहविरुद्धको कारबाही र ग्रामीण विकासका क्षेत्रमा संयुक्त राज्य अमेरिका र कोलम्बियाबिच गहिरो सहकार्य हुँदै आएको छ। यही सहकार्यअन्तर्गत वासिङ्टनले कोलम्बियालाई अर्बौं डलरको सहायता प्रदान गरेको छ।

तर, राष्ट्रपति पेट्रोले अमेरिकाद्वारा भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोको नियन्त्रणलाई खुलेर विरोध गरेपछि उहाँ र राष्ट्रपति डोनाल्ड ट्रम्पबिच शब्दयुद्ध चर्कियो। ट्रम्पले कोलम्बियामा अमेरिकी सैन्य कारबाही 'उचित हुन सक्ने' टिप्पणी गरेपछि पेट्रोले राष्ट्रिय सार्वभौमिकताको रक्षा गर्न जनतालाई सडकमा उतार्न आह्वान गर्नुभयो। त्यसको प्रत्युत्तरमा हजारौँ कोलम्बियालीहरू सार्वजनिक चोकहरूमा भेला भई 'स्वतन्त्र र सार्वभौम कोलम्बिया अमर रहोस्' भन्ने नारा लगाए।

तर, सबैलाई चकित पार्दै विरोध प्रदर्शनकै दिन राष्ट्रपति पेट्रोले आफ्नो अघिल्लो कडा अभिव्यक्ति नरम पार्दै राष्ट्रपति ट्रम्पसँग भएको मैत्रीपूर्ण टेलिफोन वार्ताको जानकारी दिनुभयो। उहाँले दुवै सरकारबिच प्रत्यक्ष संवाद पुनःस्थापित गर्न आग्रह गरेको र संवाद नहुँदा द्वन्द्वको खतरा बढ्ने चेतावनी दिनुभएको बताउनुभयो।

राष्ट्रपति ट्रम्पले पनि सामाजिक सञ्जालमार्फत पेट्रोसँगको कुराकानीलाई 'सम्मानजनक' भन्दै उहाँलाई ह्वाइट हाउस भ्रमणको निम्तो दिनुभएको छ। लामो समयदेखि एक-अर्काप्रति कठोर टिप्पणी गर्दै आएका यी दुई नेताबिच अचानक देखिएको शान्तिले व्यावहारिक स्वार्थका लागि वैचारिक मतभेद पन्छाउन सक्ने सङ्केत दिएको विश्लेषकहरू बताउँछन्।

कोलम्बियाका लागि अमेरिकी सहयोग अझै पनि विद्रोही र लागुऔषध तस्करविरुद्धको लडाइँमा अत्यन्त महत्त्वपूर्ण छ भने अमेरिकाका लागि कोलम्बिया क्यारिबियन क्षेत्रमा लागुऔषध रोकथामको प्रमुख आधार बनेको छ। वासिङ्टनस्थित थिङ्क ट्याङ्कका विज्ञहरूका अनुसार कोलम्बियाली कूटनीतिज्ञ र निजी क्षेत्रले पनि सम्बन्ध पूर्णरूपमा बिग्रन नदिन सक्रिय भूमिका खेलेका छन्।

यसअघि राष्ट्रपति ट्रम्पले पेट्रोलाई 'अन्तर्राष्ट्रिय लागुऔषध नेता' भन्दै कडा शब्द प्रयोग गरेका थिए। कोलम्बियाली अधिकारीहरूको अमेरिकी भिसा रद्द गर्ने, आर्थिक सहायता रोक्ने र निर्यातमा दण्डात्मक शुल्क लगाउने धम्कीसमेत दिइएको थियो। यसले कोलम्बियामा अमेरिकी हस्तक्षेपको सम्भावनालाई लिएर गम्भीर चिन्ता बढाएको थियो।

यद्यपि, विज्ञहरू लोकतान्त्रिक रूपमा निर्वाचित राष्ट्रपति पेट्रोविरुद्ध प्रत्यक्ष अमेरिकी सैन्य कारबाही हुने सम्भावनालाई कम आँक्छन्। त्यसबिच कोलम्बियाका रक्षा र कूटनीतिक अधिकारीहरूले सहकार्य जारी रहने सन्देश दिँदै तनाव कम गर्न प्रयास गरेका छन्।

अन्ततः राष्ट्रपति पेट्रोले वार्तामार्फत शान्ति नै प्राथमिकता भएको स्पष्ट पार्दै नागरिकहरूलाई ढुक्क हुन आग्रह गर्नुभयो। हाल उहाँको सम्भावित ह्वाइट हाउस भ्रमणको तयारी अघि बढिरहेको छ। यद्यपि, त्यसका लागि औपचारिक कूटनीतिक प्रक्रिया अझै पूरा हुन बाँकी छ।

# बङ्गलादेश–पाकिस्तान प्रत्यक्ष उडान पुनः सुरु

ढाका, ८ जनवरी (एएफपी)। बङ्गलादेश र पाकिस्तानबिच १४ वर्षपछि प्रत्यक्ष हवाई सेवा पुनः सुरु हुने भएको छ। ढाकाको राष्ट्रिय ध्वजावाहक विमान बङ्गलादेश एयरलाइन्सले बिहीबार जानकारी दिँदै दुवै देशबिचको सम्बन्ध न्यानो बन्दै गएको र क्षेत्रीय शक्ति सन्तुलनमा परिवर्तन देखिएको पृष्ठभूमिमा उडान पुनः सञ्चालन हुन लागेको जनाएको छ।

विमान बङ्गलादेश एयरलाइन्सका अनुसार आगामी जनवरी २९ का दिनमा पहिलो ढाका-कराँची प्रत्यक्ष उडान सञ्चालन गरिनेछ। यो उडान साप्ताहिक दुईपटक सञ्चालन हुनेछ, जुन सन् २०१२ पछि दुवै देशबिचको पहिलो नियमित प्रत्यक्ष हवाई सेवा हो।

एयरलाइन्सकी प्रबन्धक बोसरा इस्लामले बिहीबार भन्नुभयो, "हामी साप्ताहिक दुई उडानका साथ ढाका-कराँची मार्ग पुनः सुरु गर्दै छौँ।"

भौगोलिकरूपमा भारतद्वारा करिब एक हजार ५०० किलोमिटरभन्दा बढी दूरीले विभाजित बङ्गलादेश र पाकिस्तान कुनै समय एउटै राष्ट्र थिए। सन् १९७१ मा भएको रक्तपातपूर्ण युद्धपछि बङ्गलादेश स्वतन्त्र राष्ट्र बनेपछि दुवै देश अलग भएका हुन्।

विमान बङ्गलादेश एयरलाइन्सले



जारी गरेको विज्ञप्तिमा प्रत्यक्ष उडान पुनः सुरु हुनु दुवै देशबिचको सम्पर्कमा उल्लेखनीय सुधार हुने उल्लेख गर्दै यसले व्यापारिक यात्रा, पर्यटन तथा पारिवारिक पुनर्मिलनलाई थप सहज बनाउने विश्वास व्यक्त गरेको छ।

हाल बङ्गलादेश र पाकिस्तानबिच यात्रा गर्ने यात्रुहरूले दुबई र दोहाजस्ता गल्फ क्षेत्रका हबहरू हुँदै कनेक्टिङ उडान प्रयोग गर्नुपर्ने बाध्यता छ। प्रत्यक्ष उडान सुरु भएपछि समय र खर्च दुवै बचत हुने अपेक्षा गरिएको छ।

अगस्ट २०२४ मा विद्यार्थी नेतृत्वको आन्दोलनपछि पूर्वप्रधानमन्त्री शेख हसिनाको करिब १५ वर्ष लामो स्वेच्छाचारी शासनको अन्त्य भएयता बङ्गलादेश राजनीतिक रूपमै उथलपुथलमा छ। हसिनाको निष्कासनपछि बङ्गलादेश र उहाँको पुरानो सहयोगी भारतबिचको सम्बन्ध चिसिँदै गएको छ भने मित्र मुस्लिम बहुल राष्ट्र पाकिस्तानसँगको सम्बन्ध क्रमशः न्यानो बन्दै गएको देखिन्छ।

यसै सन्दर्भमा नोभेम्बर २०२४ देखि कराँचीबाट बङ्गलादेशको प्रमुख बन्दरगाह चटगाउँसम्म कार्गो जहाजहरूको आवतजावत पुनः सुरु भएको थियो। त्यसयता दुवै देशबिच व्यापारिक गतिविधि बढेको छ भने सांस्कृतिक आदान-प्रदान पनि तीव्र बनेको छ। पछिल्लो समय लोकप्रिय पाकिस्तानी गायकहरूले ढाकामा प्रस्तुति दिएका छन् भने बङ्गलादेशी बिरामीहरू उपचारका लागि पाकिस्तान जाने क्रमसमेत बढ्दो छ।

## विश्व सङ्क्षेप

### 'साल्ट लेक सिटी' मा गोली चल्दा दुई जनाको मृत्यु, अन्य घाइते

वासिङ्टन, ८ जनवरी (क्यूएनए)। उटाहको साल्ट लेक सिटीमा बिहीबार भएको गोली हानाहानमा दुई जनाको मृत्यु हुनुका साथै अन्य घाइते भएको अमेरिकी प्रहरीले जनाएको छ।

प्रहरी प्रवक्ता ग्लेन मिल्सले प्रारम्भिक रिपोर्टले पार्किङ स्थलमा घटना भएको सङ्केत गरेको बताउदै त्यहाँ झगडाको समयमा गोली चलाइएको पत्रकारहरूलाई बताउनुभएको छ।

प्रहरीले आठ जना पीडितहरूमध्ये कम्तिमा दुई जनाको चोटपटकबाट मृत्यु भएको उल्लेख गर्दै घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको र बाँकीको अवस्था अज्ञात रहेको बताएको छ।

प्रहरीले संदिग्धहरूको खोजीको लागि अनुसन्धान सुरु गरेको बताएको छ।

पछिल्लो समयमा गोली हानाहानको हिंसा अमेरिकामा सबैभन्दा दबाबपूर्ण सुरक्षा र सामाजिक सङ्कट बनेको जनाइएको छ भने बारम्बार सामूहिक गोलीबारीका कारण उल्लेख्य मानवीय, आर्थिक तथा मनोवैज्ञानिक सङ्कट निम्त्याएको जनाइएको छ।

### युक्रेनमा दस लाख मानिस पानी र विद्युत्‌बाट वञ्चित

किएभ, ८ जनवरी (एएफपी)। युक्रेन–रुस युद्धको क्रममा रूसी आक्रमणको कारण निप्रोपेट्रोभस्क क्षेत्रमा दस लाखभन्दा बढी मानिसहरूलाई पानी र विद्युत् आपूर्तिविहीन भएका जनाइएको छ भने तापक्रम तुलनात्मक रूपमा निकै तल झरेको उल्लेख गरिएको छ।

अघिल्लो जाडोमा जस्तै, रूसले युक्रेनको ऊर्जा केन्द्रहरूमा आफ्नो आक्रमणलाई तीव्र बनाएको छ, जसले किएभ र यसका सहयोगीहरूले नागरिकहरूलाई समस्या पार्न जानाजानी आक्रमण गरेको बताएका छन्।

ठुलो मात्रामा भएको रुसी ड्रोन आक्रमणले जापोरिझिया क्षेत्रमा पनि विद्युत् आपूर्ति बन्द हुँदा हजारौँलाई बिजुलीबाट वञ्चित पारेको रूसका ग्रिड अपरेटर युक्रेनेर्गोले बताउनुभएको छ।

"दस लाखभन्दा बढी ग्राहकहरूका लागि विद्युत् र पानी आपूर्ति पुनर्स्थापना गर्न दनिप्रोपेट्रोभस्क क्षेत्रमा मर्मत कार्य जारी रहेको पुनर्स्थापना मन्त्री ओलेक्सी कुलेबाले सामाजिक सञ्जालमार्फत जनाउनुभएको छ।

युक्रेनी वायु सेनाले रूसले ९७ वटा ड्रोन र ७० वटा हवाई रक्षा प्रणालीद्वारा विभिन्न २७ वटा स्थानमा आक्रमण गरेको बताएको छ।

आक्रमणमा ड्निप्रोपेट्रोभस्कको महत्त्वपूर्ण ऊर्जा पूर्वाधार क्षतिग्रस्त भएको सैन्य प्रमुख भ्लादिस्लाव गाइभानेन्कोले बताउनुभएको छ।

अवस्था कठिन भएको बताउँदै सुरक्षा व्यवस्थाले अनुमति दिएलगत्तै, ऊर्जा कामदारहरूले पुनर्स्थापना कार्य सुरु गर्ने उहाँले टेलिग्राममार्फत बताउनुभएको छ। जापोरिझियामा, बिजुली आपूर्ति 'प्रमुख सुविधाहरू' मा पुनर्स्थापित गरिएको भए तापनि अधिकांश उपभोक्ताहरू अझै पनि बिजुलीविहीन भएको गभर्नर, इभान फेडोरोभले जनाउनुभएको छ।

किएभले आफ्नो ऊर्जा ग्रिडको लामो समयदेखि चलिरहेको लक्ष्यलाई रूसी तेल डिपोलगायतमा आक्रमण गरी प्रतिक्रिया दिएको छ भने मस्कोको महत्त्वपूर्ण ऊर्जा निर्यात कटौती गर्न र ईन्धनको अभाव निम्त्याउन खोजिरहेको छ।

# बङ्गलादेशमा बीएनपी नेता अजिजुर रहमान मुसब्बिरको गोली हानी हत्या

ढाका, ८ जनवरी (एएनआई)। बङ्गलादेश नेसनलिस्ट पार्टी (बीएनपी) का नेता अजिजुर रहमान मुसब्बिरको गोली हानी हत्या गरिएको तथा कारवान बजार भ्यान एसोसिएसनका महासचिव अबु सुफियान मसूद गोली हानाहानमा घाइते भएको स्थानीय मिडियाले जनाएका छन्।

मुसब्बिर बङ्गलादेश नेसनलिस्ट पार्टीको स्वयंसेवक शाखा ढाका सिटी नर्थ स्वेच्छासेवक दलका पूर्वमहासचिव रहेको जनाइएको छ।

बुधबार राति ८:४० बजे राजधानीको बसुन्धरा मार्केट पछाडिको बजार क्षेत्रमा अज्ञात बन्दुकधारीले अजिजुरलाई निशाना बनाएर गोली हानेको जनाइएको छ।

तेजगाँव डिभिजनका अतिरिक्त प्रहरी उपायुक्त (एडिसी) फजलुल करिमले मुसब्बिरको मृत्यु भएको पुष्टि गर्नुभएको छ। उहाँले स्टार कबाबको छेउमा रहेको गल्लीमा अज्ञात समूहले दुई जनालाई गोली हान्दा मुसब्बिरको मृत्यु भएको उल्लेख गर्दै अर्को जना व्यक्तिलाई उपचारका लागि ढाका मेडिकल कलेजमा पठाइएको बताउनुभएको छ।

मोटरसाइकलमा आएका आक्रमणकारीहरूले फार्मगेट पार गरेपछि कारवान बजारमा स्टार कबाब अगाडि गोली आन्दा मुसब्बिर र अबु सुफियान गम्भीर घाइते भएकोमा मुसब्बिरलाई बीआरबी अस्पतालमा उपचारको लागि लगिएको अवस्थामा मृत्यु भएको उल्लेख गरिएको छ।

द डेली स्टारका अनुसार मुसब्बिरले शरियतपुरका बासिन्दाहरूको समूहसँग सुपर स्टार होटल नजिकैको कार्यक्रममा सहभागी भई मुसब्बीर र मसूद नजिकैको गल्लीबाट हिँड्दै गर्दा दुई आक्रमणकारीले घटनास्थलबाट भाग्नुअघि गोली चलाएका थिए।

गोलीकाण्डपछि सोना र गाँव चौराहानजिकै स्थानीय बीएनपी सदस्यहरू समावेश भएको समूहले विरोध प्रदर्शन गरेको थियो। पछिल्लो समयमा बङ्गलादेशभरि राजनीतिक हिंसा बढेको खबरहरूबिच फेब्रुअरी- १२ मा हुने राष्ट्रिय चुनावअघि कानुन र व्यवस्थाको चिन्तामा यस घटनाले थप अशान्ति बढाएको छ।

# भेनेजुयलापछि ट्रम्पले 'आँखा लगाउन सक्ने' पाँच देशहरू

● टम बेनट

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकाल उनको विदेश नीतिको महत्त्वाकाङ्क्षाले परिभाषित गर्दै छ ।

उनले सबैभन्दा पहिले भेनेजुयलालाई धम्की दिए अनि त्यसपछि उच्च सुरक्षाभित्र रहेका राष्ट्रपति निकोलास मादुरो र उनकी श्रीमतीलाई रातारात कब्जा गरेर अमेरिका पुऱ्याए ।

यो कारबाहीलाई ट्रम्पले अमेरिकाका तत्कालीन राष्ट्रपति जेम्स मुनरोले सन् १८२३ मा प्रतिपादन गरेको सिद्धान्तसँग जोडेर व्याख्या गरेका छन् । यसलाई पछिल्लो समय डोनाल्ड ट्रम्पकै समेत नाम जोडेर 'डोनरो डक्ट्रिन' का रूपमा समेत चर्चा गरिएको छ ।

वाशिङ्टनको नजरमा परेका अन्य देशहरूविरुद्ध उनले पछिल्ला दिनमा दिएका केही चेतावनी हेरौँ ।

**डेन्मार्क**

डेन्मार्कको नियन्त्रणमा रहेको ग्रीनल्यान्डमा अमेरिकाको यसअघि नै पिटुफीक स्पेस बेस छ । तर, ट्रम्प पूरै टापु आफ्नो बनाउन चाहन्छन् ।

"राष्ट्रिय सुरक्षाका दृष्टिकोणले पनि हामीलाई ग्रीनल्यान्ड चाहिन्छ," उनले पत्रकारहरूसँग भनेका छन् । उनका अनुसार यो क्षेत्र "जताजतै चिनियाँ र रुसी पानीजहाजले ढाकिएको छ ।"

डेन्मार्कको भूभागअन्तर्गत पर्ने यो ध्रुवीय टापु अमेरिकाको उत्तरपूर्वी क्षेत्रमा देशको सीमाभन्दा ३,२०० किलोमिटर टाढा पर्छ ।

यो टापुमा बहुमूल्य सुन र प्ल्याटिनमदेखि लिथिअम र टाइटानिअमसहितका आठ वटा दुर्लभ धातु अनि 'रेअर अर्थ एलिमेन्ट' सूचीकृत छन् । रेअर अर्थ धातु स्मार्ट फोनदेखि विद्युतीय सवारीसाधन र सैन्य उपकरणको उत्पादनका लागि समेत अत्यावश्यक छन् । अहिले चीनले अमेरिकाको भन्दा निकै धेरै रेअर अर्थ खनिज उत्पादन गरिरहेको छ ।

ग्रीनल्यान्डले उत्तर एट्लान्टिक क्षेत्रको खास रणनीतिक भूभाग पनि ओगटेको छ । 'आर्कटिक सर्कल' का लागि महत्त्वपूर्ण पहुँचका लागि पनि अमेरिकाका लागि यो ठाउँ खास छ ।

आगामी वर्षहरूमा ध्रुवीय बरफ पग्लँदै जाँदा त्यो ठाउँबाट नयाँ जलमार्ग खुल्ने अपेक्षा पनि गरिएको छ ।

ग्रीनल्यान्डका प्रधानमन्त्री येन्स फ्रेड्रिक निल्सनले उक्त टापु आफ्नो नियन्त्रणमा लिने अमेरिकी प्रस्ताव 'काल्पनिक' भएको टिप्पणी गरेका छन् ।

"दबाब चाहिँदैन । सङ्केतहरू चाहिँदैनन् । टुक्राउने कल्पना नगर । हामी वार्ताका लागि तयार र खुला छौँ । तर, यो उचित बाटोबाट हुनुपर्छ र अन्तर्राष्ट्रिय कानुनको सम्मानसहित हुनुपर्छ," उनले भने ।

ग्रीनल्यान्डमा कोइला र युरेनियमसहित ऊर्जा उत्पादनमा प्रयोग हुने तत्त्वहरू अनि हीरा र माणिकजस्ता बहुमूल्य पत्थरहरू पनि पाइन्छन् । यो क्षेत्र तेल र ग्यासको ठुलो भण्डार भएको पनि दाबी गरिएको छ । तर, ती खानीहरू पहिचान हुन बाँकी छन् ।

**कोलम्बिया**

भेनेजुयलामा कारबाहीपछि ट्रम्पले कोलम्बियाका राष्ट्रपति गुस्टाभो पेट्रोलाई चेतावनी दिएका छन् ।

भेनेजुयलाको पश्चिमी छिमेकी कोलम्बिया पनि उल्लेख्य मात्रामा तेलको भण्डारण भएको देश हो । यो देश सुन, चाँदी, पन्ना, प्ल्याटिनम र कोइलाको पनि धनी देश हो ।

यो क्षेत्रको लागुऔषध कारोबारको केन्द्र पनि कोलम्बिया हो, विशेषगरी कोकेनका लागि ।

अमेरिकाले सेप्टेम्बरबाट क्यारिबियन र पूर्वी प्रशान्त क्षेत्रमा कुनै पनि प्रमाणबिना लागुऔषध बोकेका डुङ्गाहरूमा आक्रमण सुरु गरेपछि कोलम्बियाका वामपन्थी राष्ट्रपतिसँग उनको विवाद बढ्दै गएको छ ।

अमेरिकाले लागुऔषध गिरोहलाई 'फैलने' अवसर दिएको भन्दै पेट्रोमाथि गत अक्टोबरमा प्रतिबन्धहरू लगाएको थियो ।

आइतबार एअर फोर्समा उड्दै गर्दा ट्रम्पले भने, "कोलम्बिया एक जना बिरामी मान्छेले चलाइरहेका छन् । उनी कोकेन बनाएर अमेरिकामा बेच्न रुचाउँछन् । अब उनले धेरै लामो समय यो गरिरहन पाउँदैनन् ।"

अमेरिकाले कोलम्बियालाई लक्षित गरेर आक्रमण गर्छ कि गर्दैन भनेर सोधिएको प्रश्नमा ट्रम्पले भने, "यो कुरा मलाई राम्रै लाग्यो ।"

ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने कोलम्बिया लागुऔषध नियन्त्रणको युद्धमा अमेरिकाको निकट सहयोगी देश हो । लागुऔषध गिरोह नियन्त्रणका लागि कोलम्बियाले अमेरिकाबाट वर्षेनि दसौँ लाख डलर सैन्य सहायता पाउँदै आएको छ ।

**इरान**

इरानमा अहिले ठुलठुला सरकारविरोधी प्रदर्शनहरू भइरहेका छन् । यदि थप प्रदर्शनकारीहरूको मृत्यु भए अधिकारीहरूले 'नराम्रो परिणाम भोग्नुपर्ने' चेतावनी ट्रम्पले गत रात दिएका छन् ।

"हामीले निकै नजिकबाट नियालिरहेका छौँ । यदि विगतमा जस्तै मानिसहरू मार्न थाले भने उनीहरूले अमेरिकाबाट निकै नराम्रो परिणामको सामना गर्नुपर्ने हुनसक्छ," उनले एअर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै भने ।

सैद्धान्तिकरूपमा इरान 'डोनरो डक्ट्रिन' भन्दा बाहिर पर्छ । यद्यपि, ट्रम्पले यसअघि पनि इरानी सत्तालाई चेतावनी दिएका छन् । उनले गत वर्ष इरानका परमाणविक पूर्वाधारहरूमा आक्रमणपछि पनि त्यहाँको सत्तालाई चेतावनी दिएका थिए ।

इजरायलले इरानले विकास गर्ने पारमाणविक शक्ति निस्तेज पार्ने गरी ठुलो स्तरको आक्रमण गरेपछि अमेरिकाले थप आक्रमण गरेको थियो । त्यसबेला इजरायल र इरानबिच १२ दिन लामो द्वन्द्वसमेत भएको थियो ।

गत साता इजरायली प्रधानमन्त्री बेन्जमिन नेतन्याहू र ट्रम्पबिच मार-ए-लागोमा भएको भेटको प्रमुख विषय नै इरान भएको बताइएको छ । अमेरिकी सञ्चारमाध्यमले सन् २०२६ मा इरानमाथि सम्भावित आक्रमण हुन सक्ने उल्लेख गरेका छन् ।

**मेक्सिको**

सन् २०१६ मा मेक्सिकोसँगको सीमामा पर्खाल लगाउने चुनावी नाराकै कारण ट्रम्प राष्ट्रपति बनेका थिए ।

सन् २०२५ मा पुन: राष्ट्रपतिको कार्यभार सम्हालेपछि उनले हस्ताक्षर गरेको पहिलो कार्यकारी आदेशमा गल्फ अफ मेक्सिकोलाई 'गल्फ अफ अमेरिका' नामकरण गर्ने उल्लेख छ ।

उनले मेक्सिकोका अधिकारीहरूले अमेरिकामा गैरकानुनी आप्रवासी र लागुऔषधको प्रवाह रोक्न कुनै कदम नचालेको आरोप लगाएका छन् ।

आइतबार ट्रम्पले मेक्सिकोबाट लागुऔषध 'थुप्रिएको' भन्दै आफूहरूले 'केही न केही गर्नुपर्ने अवस्था आएको' बताएका थिए । उनले त्यहाँका तस्करहरूको गिरोह 'धेरै बलियो' रहेको बताएका छन् ।

मेक्सिकोका राष्ट्रपति क्लाउडिआ शेइनबाअमले मेक्सिकोको भूमिमा अमेरिकी सैन्य कारबाहीको सार्वजनिक माध्यममै अस्वीकार गरेका छन् ।

**क्युबा**

फ्लोरिडाबाट जम्मा १४५ किलोमिटर मात्रै दक्षिणमा रहेको यो टापु सन् १९६० को दशकदेखि नै अमेरिकी प्रतिबन्धको सामना गरिरहेको छ ।

निकोलास मादुरोको भेनेजुयलासँग पनि क्युबाको राम्रो सम्बन्ध छ ।

आइतबार ट्रम्पले क्युबामा अमेरिकी सैन्य हस्तक्षेपको आवश्यकता नै नभएको बताए । उनका अनुसार क्युबाको सत्ता आफैँ "ढल्ने तयारीमा छ ।"

उनले भने, "हामीले कुनै कदम चाल्नुपर्छ जस्तो नै मलाई लाग्दैन । त्यो ढल्नै लागेको जस्तो देखिन्छ ।"

"थाहा छैन, उनीहरू रोक्न पनि सक्छन् तर क्युबाको कुनै आम्दानी नै छैन," उनले थपे ।

"उनीहरूले सबै शक्ति नै भेनेजुयलाबाट आर्जन गरेका हुन्, भेनेजुयलाको तेलबाट ।"

क्युबाकै आप्रवासीबाट जन्मिएका अमेरिकी विदेशमन्त्री मार्को रुबिओले लामो समयदेखि क्युबामा सत्ता परिवर्तन हुनुपर्ने बताइरहेका छन् । शनिबार उनले भने, "राष्ट्रपतिको भनाइलाई गम्भीर रूपमा लिनुपर्छ ।"

"यदि म हवानामा थिएँ र म सरकारमा थिएँ भने, म पक्कै चिन्तित हुने थिएँ, कम्तीमा अलिकति भए पनि," उनले भने ।

*- 'बीबीसी' बाट*

---

*स्थानीय...*

आयोजना गरियो । त्यस्तै नेवार समुदायको महत्त्वपूर्ण सांस्कृतिक पर्व योमारी पूर्णिमाको अवसरमा योमारी प्रतियोगिता सञ्चालन गरी खाद्य महोत्सव तथा सांस्कृतिक कार्यक्रम गरियो ।

- आ.व २०८२।८३ मा गैरसार्क पर्यटकहरू ६१ हजार ८५८ जना र सार्क तथा चिनियाँ पर्यटकहरू ४१ हजार २०७ जना गरी कुल १ लाख ३ हजार ६५ जनाले भक्तपुर भ्रमण गरेको पर्यटन सेवा तथा सूचना केन्द्रको अभिलेख छ । गत आ.व. ०८१।८२ को सोही अवधिमा गैरसार्क पर्यटक ६७ हजार ५२९ जना र सार्क पर्यटक ५० हजार ६८१ जना गरी जम्मा १ लाख १८ हजार २१० जना पर्यटकले भक्तपुर भ्रमण गरेका थिए । भदौ २३ र २४ गतेको युवाहरूको आन्दोलनबाट पर्यटन क्षेत्र नराम्ररी प्रभावित भयो । देशको राजनीतिक स्थिति र अन्तर्राष्ट्रिय परिस्थितिका कारण यस अवधिमा गत वर्षको तुलनामा भक्तपुर भ्रमण गर्ने पर्यटकहरूमा १५ हजार १४५ जना विदेशी पर्यटकहरू कमी देखिएका छन् ।

**च) वातावरण तथा सरसफाइ :**

- भक्तपुर नगर क्षेत्रभित्र उत्पादन हुने फोहोरलाई घरघरबाटै कुहिने र नकुहिने छुट्याई नियमित सङ्कलन गर्दै कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गरिरहेका छौँ भने नकुहिने फोहोरमध्येबाट पुन: प्रयोग गर्न मिल्ने सामग्री छुट्याई बाँकी फोहोर अन्तिम बिसर्जनको व्यवस्था मिलाउँदै आएका छौँ ।
- नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा स्थानीय जनताको सहभागितामा नगरका खुला क्षेत्र, नदी किनार, पोखरी, मन्दिर परिसर तथा सार्वजनिक क्षेत्रहरूमा हरेक महिनाको १ गते र १५ गते नियमित सरसरफाइ कार्य भइरहेको छ ।
- नगरपालिकाभित्रका आवास क्षेत्रका सडक पेटी, खोला किनार तथा सार्वजनिक स्थलहरूमा वृक्षरोपण गरी हरियाली व्यवस्थापन गर्ने कार्य भइरहेको छ ।

**छ) खेलकुद :**

- नगरपालिकाको आयोजनामा २०८२ मङ्सिर २५ गतेदेखि पुस १ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय विविध खेलकुद प्रतियोगिता (भलिबल, फुटबल, कबड्डी, कराँते, एथलेटिक्स, उसु, टेबलटेनिस, खोखो, पोर्टबल, ब्याडमिन्टन, तेक्वाण्डो, बुद्धिचाल, जिम्नास्टिक, कसिमला पाँय् र बाघचाल) भएकोमा ८४ वटा विद्यालयका ३ हजार ४ सय ५६ जना खेलाडीहरू सहभागी भएका थिए । वडा वडामा छिकोङ शारीरिक व्यायाम प्रशिक्षणलाई निरन्तरता दिँदै अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भ.न.पा. १ स्थित भाजु पोखरी परिसरमा बृहत छिकोङ शारीरिक व्यायाम प्रदर्शनी गरियो ।
- भक्तपुर नगर क्षेत्रभित्रका सम्पूर्ण संस्थागत र सामुदायिक विद्यालयका छात्राहरूलाई लक्षित गरी आत्मरक्षा तालिम र विद्यालय भलिबल प्रशिक्षक प्रशिक्षण तालिम पनि यस अवधिमा सम्पन्न भयो ।

**ज) युवा तथा रोजगार :**

- लघु उद्यमीहरूको व्यवसाय प्रवर्द्धनको लागि उपयुक्त प्रविधि हस्तान्तरण, युवालक्षित ४ महिने चिनियाँ र जापानी भाषा तालिम प्रशिक्षण तथा सिलाइ, हेयर कटिङ, पाक शिक्षा, कम्प्युटर, छाला जुत्ता बनाउनेलगायतका सीपमूलक तालिमहरू यस अवधिमा प्रदान गरियो । यसबाट सयौँ युवाहरू लाभान्वित भएका छन् । तालिम प्राप्त युवाहरूलाई स्वरोजगार बनाउन सहुलियत दरमा युवा उद्यमशील ऋण प्रदान गर्दै आएका छौँ ।

**झ) विकास निर्माण :**

- भक्तपुर नपा वडा नं. ६ अँचा पुखुमा आदर निकेतन भवन निर्माण सम्पन्न भई सञ्चालनको क्रममा रहेको छ । भक्तपुर नपा वडा नं. ६ देकोचास्थित अरनिको सभाभवन निर्माण आयोजनाअन्तर्गत पहिलो तलाको फ्रेम स्ट्रक्चरको ब्लक A र B को कार्य सम्पन्न भएको र ब्लक C को निर्माण कार्य चालु छ ।
- भनपा वडा नं. ८ लिबालीस्थित शीत भण्डार गृह निर्माण कार्य रु. ३ करोड ५९ लाख ६५ हजारमा सम्पन्न भइसकेको र सञ्चालनको लागि आवश्यक अन्य मेसिन उपकरणलगायतका सामग्रीहरू खरिद प्रक्रियामा रहेको छ । नगरका विभिन्न स्थानहरू देकोचा, कमलविनायक, कांलाचालगायतका क्षेत्रमा बाटो पिच गर्ने कार्य सम्पन्न भएका छन् । भ.न.पा. ४ स्थित तारा मा.वि. भवन निर्माण कार्य टेन्डर आह्वान गरी ठेक्का सम्झौता भई कार्य अगाडि बढिरहेको छ । भ.न.पा वडा नं. ७ खँचास्थित स्वास्थ्य केन्द्र भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने भ.न.पा १० बेखालस्थित जनस्वास्थ्य केन्द्र भवन सञ्चालनमा आइसकेको छ । त्यसैगरी भनपा वडा नं. १ दूधपाटीस्थित बहुउद्देश्यीय भवन निर्माण प्रक्रिया अगाडि बढिरहेको छ भने सोही वडाको इसानेश्वर मन्दिर निर्माण कार्य र सल्लाघारी इटापाके सडक स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ ।

**ञ) विविध :**

- विभिन्न स्थानीय तह अध्ययन भ्रमणको क्रममा २०८२ कार्तिक १७ गते सिन्धुलीको कमलामाई नगरपालिकाका उपप्रमुख मञ्जु देवकोटा, कार्तिक १८ गते धनुषाको नगराइन नगरपालिकाका प्रमुख विनयकुमार यादव र जनकपुर उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, कार्तिक १९ गते जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार, वर्दिवास नगरपालिकाका प्रमुख प्रल्हादकुमार क्षेत्री र कार्तिक २३ गते सिरहाको लाहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीसँग भेटघाट गरी अनुभव आदानप्रदान भयो । सोही क्रममा बाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँसँग भेटघाट भयो ।
- झापाको दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापा नेतृत्वको जनप्रतिनिधि र कर्मचारीहरूको टोलीले भक्तपुर अध्ययन भ्रमण गऱ्यो । यस अवधिमा इलामको सूर्योदय नगरपालिकाका उपप्रमुख दुर्गाप्रसाद बराल र मोरङको रंगेली नगरपालिकाका जनप्रतिनिधिसहितको टोलीले पनि भक्तपुर भ्रमण गऱ्यो ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेका नवप्रवेशी शाखा अधिकृतहरूको ६ महिना अवधिको 'आधारभूत प्रशासन प्रशिक्षण' का प्रशिक्षार्थी अधिकृतहरूको १२० जनाको टोलीले भक्तपुर नगरपालिकाका पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण गऱ्यो ।
- यस अवधिमा जनवादी गणतन्त्र चीनको East China University of Technology छिङहाइ मिन्चु युनिभर्सिटीका प्रतिनिधिमण्डल र जापान इन्टरनेसनल मेडिकल टेक्नोलोजी फाउन्डेसन (जिमटेफ) का चिकित्सक टोलीले भक्तपुर भ्रमण गर्नुका साथै भेटघाट भयो ।
- भनपा वडा नं. २ र ६ मा सञ्चालित देको मिवा इटापाके आवास योजना सञ्चालनमा देखिएका केही समस्याहरूबारे सम्बन्धित जग्गा धनी र मोहीहरूसँग आवश्यक छलफल गरी समाधानको प्रयास भइरहेको छ ।
- भक्तपुर नगरपालिकाको बजार अनुगमन टोलीले समय समयमा बजार अनुगमन गरी बजार व्यवस्था गरिरहेको छ ।
- भक्तपुर नगरपालिकाको आयोजनामा १५ दिने ज्येष्ठ नागरिक हेरचाह तालिम र टेलिभिजनसम्बन्धी १५ दिने तालिम सम्पन्न भयो ।
- कार्तिक १५ गतेदेखि भक्तपुर नगरपालिका वडा नं. ४ बोलाछेँदेखि राममन्दिर पुल पारिसम्म र भ.न.पा. वडा नं. ३ बाराही पुलदेखि वंशगोपालसम्म चारपाङ्ग्रे सवारी साधन निश्चित समय तोकी एकतर्फी सञ्चालनको व्यवस्था गरेका छौँ ।

अन्त्यमा, भक्तपुर नगरपालिकालाई सफा, सुन्दर र आकर्षक नगर बनाउन निरन्तर सहयोग गरिरहेका तमाम जनताप्रति भक्तपुर नगरपालिकाको तर्फबाट हामी पुन: धन्यवाद व्यक्त गर्दछौँ ।

***(भक्तपुर नगरपालिकाको १९ औँ नगर सभामा बिहीबार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)***

---

*चाउ...*

परिवर्तन भइसकेको थियो । अथवा त्यसको सुरुवात भइसकेको थियो ।

त्यो समयमा चीनमा भारतका शार्डी अफेयर्स लखनलाल मेहरोत्रा एउटा किस्सा सुनाउँछन्, "भुट्टो पेइचिङ आउँदै थिए । चाउ एनलाई उनलाई स्वागत गर्न एयरपोर्ट गएका थिए । हामी पनि त्यहीँ थियौँ । हामी सबैसँग हात मिलाएर उनी जहाजको नजिक गए ।"

त्यहाँबाट अचानक फर्केर आए र उनले मेरो काँध र गर्दन थप्थपाएर मलाई भने मिस्टर शार्डी अफेयर्स, प्लीज टेल इन्दिरा एवरी थिङ विल बी फाइन (दूत महोदय तपाईँ इन्दिरालाई भनिदिनुहोस् कि सबै कुरा ठीक हुनेछ ) । दुई कुरा महत्त्वपूर्ण थिए । उनले इन्दिरा शब्दको प्रयोग गरे । प्रधानमन्त्री शब्दको होइन । यस शब्दमा धेरै माया झल्कन्थ्यो । उनी पुराना दिनहरू सम्झिरहेका थिए । जब उनी नेहरूलाई भेट्थे । प्राय: इन्दिरा उनको साथमा हुन्थिन् । दोस्रो उनी मलाई यो विशेष कुरा भन्न मकहाँ आएका थिए ।

**कश्मिरको प्रसङ्ग**

त्यसपछि अलि गडबड भयो । त्यो रात चाउ भुट्टोलाई भोज दिँदै थिए । तर, अचानक उनी बिरामी भए ।

मेहरोत्रा सम्झन्छन्, "मलाई पनि त्यो भोजमा बोलाएको थियो । चाउ एनलाईको ठाउँ देङ स्याओपिङले भाषण गरे र उनले त्यहाँ कश्मिरीहरूको स्वायत्तताको प्रसङ्ग उठाए । मैले विरोधस्वरूप त्यो भोजको वाकआउट गर्नुपऱ्यो ।"

तर, दोस्रो दिन मामला सम्हालियो । दोस्रो दिन जब भुट्टोले चाउको सम्मानमा भोज दिए त्यो भोजमा कश्मिरको प्रसङ्ग उठाएनन् । बरु भुट्टो स्वयम् म भएको ठाउँमा आएर भने कि तपाईंहरू उठेर किन बाहिर जानुभयो ? मैले सोचेँ कि तपाई दुबैजना ट्वाइलेट जानुभयो । मेरो श्रीमतीले तुरुन्त जवाफ दिइन् कि हाम्रोमा महिला पुरुषसँगै ट्वाइलेट जाँदैनन् । यो सुनेर भुट्टोले मुख अर्कै बनाए ।

**चाउको निधन**

आफ्नो मृत्युभन्दा पहिला चाउ एनलाईले सुनिश्चित गरे कि भारत र चीनको सम्बन्धमा राजदूत स्तरमा फेरि कायम होस् । उनको प्रयास थियो कि के आर नारायणन, जो पछि भारतका राष्ट्रपति भए, चीनमा भारतका राजदूत बनेर जाऊन् ।

१९७५ मा चाउ एनलाई गम्भीररूपमा बिरामी भए । उनको पेटमा क्यान्सर भयो । अन्तिम पटक उनी आफ्नो कपाल कटाउन आफ्नो हजाम जु दिन हुआकोमा गए । उनले जुलाई भने, "हिँड मसँग फोटो खिचौँ ।" तर त्यहाँ कुनै फोटोग्राफर थिएन ।

तीन महिनापछि उनका नाउले उनलाई खबर पठाए कि 'के म प्रधानमन्त्रीको कपाल काट्न आउन सक्छु ?'

चाउ एनलाईले जवाफ दिए, "उसलाई यहाँ आउन नदिनु, मलाई यस्तो अवस्थामा देखेर ऊ दु:खी हुनेछ ।"

८ जनवरी १९७६ को बिहान ९ बजेर २५ मिनेटमा चाउ एनलाईले यो संसारलाई सधैँको लागि छाडेर गए ।

*- विभिन्न सञ्चार माध्यमबाट*

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

# ख्वप अस्पताल

 च्याम्हासिंह, भक्तपुर

## आवश्यकतासम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२ पुस २५ गते)**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको लागि निम्नलिखित पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम र अनुभव आदि प्रमाणपत्रहरूका प्रतिलिपिहरू र हालसालै खिचेको पासपोर्ट साइजको तीन प्रति फोटोसहित अस्पतालबाट प्राप्त आवेदन फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र अस्पताल प्रशासनमा दर्खास्त पेस गर्न यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी र म्याद नाघी आएको आवेदनउपर कुनै कारबाही हुनेछैन। यसअघि दर्खास्त दिने आवेदकहरूले समेत यस सूचनाअनुसार पुन: दर्खास्त पेस गर्न जानकारी गराइन्छ।

| विज्ञापन नं. | पद | स्तर/तह | आवश्यक सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर | परीक्षाको किसिम | उमेर |
|---|---|---|---|---|---|---|---|
| ०५/०८२/८३ | इन्टरनल मेडिसिन | अधिकृत स्तर, नवौं तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिनमा स्नातकोत्तर वा सो सरहको उपाधी प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | १०००/- | अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| ०६/०८२/८३ | स्टाफ नर्स | सहायक स्तर /पाँचौ तह | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट पी.सी.एल. नर्सिङ उत्तीर्ण वा सो सरहको उपाधी हासिल गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको। (SBA Trained वा Operation Theatre को अनुभव भएकालाई पहिलो प्राथमिकता दिइनेछ।) | ५००/- | लिखित र अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| ०७/०८२/८३ | फार्मेसी सहायक | सहायक स्तर /पाँचौ तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी सङ्कायमा प्रमाणपत्र तह उत्तीर्ण वा सोसरहको उपाधी हासिल गरी सम्बन्धित परिषदमा दर्ता भएको, कार्य अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ। | ५००/- | लिखित र अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| ०८/०८२/८३ | सुरक्षा गार्ड | श्रेणी विहिन | १ | मान्यता पाप्त शिक्षण संस्थाबाट SLC/SEE पास वा सोसरह उत्तीर्ण गरी पूर्वसैनिक, प्रहरी सशस्त्र प्रहरी निकायमा कम्तीमा ५ वर्ष अनुभव भएको। | ४००/- | प्रयोगात्मक र अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |

**पुनश्च:**
दर्खास्त फारम रू.१००।- तिरी लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ।
फारम लिने समय बिदाको दिन बाहेक अन्य दिन १०:०० बजेदेखि ३:०० बजेसम्म
फारम बुझाउने समय बिदाको दिन बाहेक अन्य दिन १०:०० बजेदेखि ३:०० बजेसम्म

विस्तृत जानकारीको लागि

**ख्वप अस्पताल, प्रशासन शाखा**

Email address: khwopahospital78@gmail.com
फोन नं. ०१-६६१३१४६, ६६२०३७४

## मोटरसाइकल हराएको सूचना


मिति २०८२/०९/२० गते बिहानको १२:००-२ बजेभित्र बा.प्र.०२-०२९ प ०९२४ नम्बरको बाइक भक्तपुर नगरपालिका वडा नं. ०१, सल्लाघारी इटापास्थित आफ्नो घर अगाडि पार्किङ गरी राखेको अवस्थामा चोरी भएको हुँदा उक्त बाइक पाउनुहुने वा देख्नुहुने महानुभावहरूले निम्न उल्लिखित सम्पर्क नं वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु।

**नाम** : प्रकाश भडेल
**ठेगाना** : चाँगुनारायण नगरपालिका, वडा नं. ४, चाँगुनारायण
**सम्पर्क** : ९७१७२६८८९१, ९८५१४०८८९१

**मोटरसाइकलसम्बन्धी विवरण**

**कम्पनीको नाम** : YAMAHA/R15V3
**मो.स.नं.** बा.प्र.०२-०२९ प ०९२४
**मो. सा. को पावर** : १५५ सी.सी.
**मोटरसाइकलको रंग** - निलो
**इन्जिन नं.** G3K5E0160880
**च्यासिस नं.** ME1RG5258M0066290

## हार्दिक समवेदना



जन्म
१९९६/०२/०२

निधन
२०८२/०९/२२

यस समितिका सदस्य **मोहवीर सुवाल**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**चोछेँ ब्यासी सद्भाव समिति**
चोछेँ, ब्यासी, भक्तपुर

## हार्दिक समवेदना



जन्म: २०३०/११/१५
निधन: २०८२/०९/२२

यस खल:का सदस्य अमूल्य राजचलका पूजनीय बुबा तथा यस खल:का संस्थापक सदस्य **विष्णुप्रसाद राजचल**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री एकान्त कुमारी सांस्कृतिक खल: परिवार**
टिबुक्छें, चासुखेल-५, भक्तपुर

***विद्यालय...***

सुधारतर्फ पनि ध्यान दिनुपर्ने र विद्यालयहरूका गणित र विज्ञान प्रयोगशालाहरू निर्माणमा जोड दिनुपर्ने बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरलाई नमुना नगरको रूपमा अघि बढाउन योगदान पुर्‍याउनुहुने सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दै जनताको नि:स्वार्थपूर्वक सेवा गर्ने अठोटका साथ भक्तपुरका जनप्रतिनिधिहरू अगाडि बढिरहेको बताउनुभयो।

भक्तपुर जिल्ला प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले भक्तपुर नगरपालिकाले प्रगतिउन्मुख काम गरिरहेको बताउँदै देशकै सानो नगरपालिका भएर पनि देशलाई दिशानिर्देश गर्ने उदाहरणीय काम भक्तपुर नगरपालिकाले गरेको बताउनुभयो।

कार्यक्रममा ख्वप अस्पतालका नि. मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले अस्पतालका सेवा र प्रगतिहरूबारे र ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले कलेजबाट प्रवाहित सेवा सुविधाबारे अवगत गराउनुभयो।

नगरसभाको उद्घाटन कार्यक्रममा भ.न.पा.का प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने भ.न.पा ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

**भक्तपुर नगरपालिकाको १९ औँ नगरसभा बिहीबारबाट सुरु**

भक्तपुर नगरपालिकाका प्रमुख एवम् उन्नाइसौं नगरसभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाको उन्नाइसौं नगरसभाको पहिलो बैठक पुस २४ गते बस्यो।

बैठकले नगरसभाको उद्घाटन सफलतापूर्वक सम्पन्न भएकोमा धन्यवादज्ञापन प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो।

बैठक सुरु गर्दै सभाध्यक्ष प्रजापतिले विभिन्न देशबाट सञ्चालित आईएनजीओ र एनजीओको पैसाले राजनीतिक परिवर्तन ल्याउन सक्नेतर्फ सचेत हुनुपर्छ भन्नुभयो।

अमेरिकाले भेनेजुयलामाथि गरेको आक्रमणजस्तै नेपालमा पनि कुनै विदेशी शक्तिले आक्रमण गर्न सक्नेतर्फ सचेत हुनुपर्ने उहाँले बताउनुभयो।

बैठकमा उहाँले नगरसभाको अर्को बैठक पुस २५ गते बिहान ९ बजे बस्ने जानकारी गराउनुभयो।

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं।

**संस्थाको ३२औं स्थापना दिवस (पुस २९ गते) को अवसरमा हुने कार्यक्रममा सहभागी होऔं।**

### मौसमी बालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम

यस उपसमितिको आयोजनामा सदस्य एवं कृषकहरूलाई **मौसमी बालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम** देहायको मिति, समय र स्थानमा हुने भएकोले सहभागी हुन सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ।

**मिति** : २०८२ पुस २५ गते, शुक्रबार
**समय** : बिहान १०:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

**प्राविधिक सहयोग एवं समन्वय**

१. राष्ट्रिय बाली अनुसन्धान केन्द्र, खुमलटार
२. सिद्धि कृषि सहकारी संस्था लि., भक्तपुर

**सदस्य व्यवसाय प्रवर्द्धन उपसमिति**

### मुटुरोगसम्बन्धी स्वास्थ्य शिविर तथा नि:शुल्क थाइरोइड परीक्षण

यस उपसमितिको आयोजनामा देहायको मिति, समय र स्थानमा हुने **मुटुरोगसम्बन्धी स्वास्थ्य शिविर तथा नि:शुल्क थाइरोइड परीक्षण**मा सहभागी हुन इच्छुक सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ।

**मिति** : २०८२ पुस २६ गते, शनिबार
**समय** : बिहान ८:०० देखि १०:०० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

**पुनश्च** : शिविरमा नि:शुल्क थाइरोइड परीक्षण तथा अन्य रगत परीक्षण (CBC,KFT, Sugar, Uric acid, LFT, cholesterol, triglyceride, Vitamin D)मा ५०% छुट प्रदान गरिनेछ। साथै नि:शुल्क सामान्य स्वास्थ्य परीक्षण पनि गराइनेछ।

**स्वास्थ्य उपसमिति**

### गतिविधि



साकोस जोखिम व्यवस्थापन ३६० कार्यशालामा संस्थाका उपाध्यक्ष विष्णुराम दुमरु र व्यवस्थापक शिला गोसाईको सहभागिता।



एकहप्ते पुतली (DOLL) बनाउने तालिमको समापन कार्यक्रमपश्चात् सामूहिक फोटोमा सहभागीहरू।



वासिङ मेसिनमा प्रयोग हुने सर्फ बनाउने तालिमको समापन कार्यक्रमपश्चात् सामूहिक फोटोमा सहभागीहरू।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## केदारनाथको शिर डोलेश्वर महादेव संरक्षण तथा विकास समिति



सूर्यविनायक न.पा.-८, सिपाडोल, भक्तपुर

### सत्रौं वार्षिक साधारणसभामा उपस्थित हुनेबारे सूचना

केदारनाथको शिर डोलेश्वर महादेव संरक्षण तथा विकास समितिको मिति २०८२ साल पुस ७ गते सोमबार बसेको बैठकको निर्णयानुसार समितिको सत्रौं वार्षिक साधारणसभा तपसिलका मिति, समय र स्थानमा हुने भएकाले समितिका सम्पूर्ण आजीवन सदस्य महानुभावहरूलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**छलफलका विषयहरू**

१. कार्यसमितिको तर्फबाट अध्यक्षज्यूले पेस गर्ने आ.व.०८१/८२ को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने।
२. महासचिवज्यूबाट प्रस्तुत आ.व.०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व.०८२/८३ को लक्ष्यउपर छलफल गरी पारित गर्ने।
३. कोषाध्यक्षज्यूबाट प्रस्तुत आ.व.०८१/८२ को आर्थिक प्रतिवेदन एवं आ.व.०८२/८३ को अनुमानित बजेटउपर छलफल गरी पारित गर्ने।
४. आ.व.०८१/८२ को लेखा परीक्षकको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने।
५. आ.व.०८२/८३ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने।
६. प्रस्तावित गुरूयोजनाको प्रगति विवरणउपर छलफल गर्ने।
७. साधारणसभाको निर्णयपुस्तिकामा हस्ताक्षर गर्नका लागि आजीवन सदस्यबाट ४ महिला र ४ पुरूष गरी कूल ८ जना प्रतिनिधि छनोट गर्ने।
८. विविध।

**कार्यक्रम**

**मिति** : २०८२ साल माघ २४ गते, शनिबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : केदारनाथको शिर डोलेश्वर महादेव मन्दिर प्राङ्गण, सूर्यविनायक न.पा.-८, सिपाडोल, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा